स्थानीय राजपत्र

केराबारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८, संख्या १७, ८ कार्तीक २०८१

## भाग-२

# केराबारी गाउँ पालिकाको कृषि विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०८१

कार्यपालिकाबाट स्वीकृत मिति :- २०८१।०७।०७

**पृष्ठभुमि** :केरावारी गाँउपालीका क्षेत्र भित्र कृषिलाई व्यावसायिकरण गरी कृषिलाई नाफामुलक तथा सम्मानित पेशाको रुपमा स्थापित

गर्दै यस क्षेत्र मार्फत रोजगारीका अवसरहरु श्रृजनागरी सुदृढ ग्रामिण अर्थतन्त्र बनाउन कृषि व्यावसायलाई अगालेका वा भविश्यमा अगाल्ने आर्थिक तथा प्राविधिक सहयोग नपुगेका तथा आर्थिक स्थिती कमजोर भएका संगठित तथा असङ्गठित कृषकहरुलाई कृषि कार्यक्रम मार्फत आर्थिक स्थितिमा सुधार ल्याउन, स्वरोजगारमा वृद्धि गर्दै कृषिजन्य उत्पादनमा गाँउपालिकालाई आत्मनिर्भर बनाई निर्यात योग्य बस्तुको रुपमा रुपान्तरण गर्न साथै बिनियोजित बजेट लाई व्यावस्थित तथा पारदर्शी रुपमा कार्यान्वयन गर्न साथै केरावारी गाँउपालिकाको कृषि ऐन-२०७७ ले परिकल्पना गरेका निर्दिष्ट लक्ष पुरा गर्न केराबारी गाउँपालिकाको विनियोजन ऐन २०८१ दिएको अधिकार प्रयोग गरि केरावारी गाँउ कार्यपालिकाले यो निर्देशिका स्वीकृत गरि लागु गरेको छ।

## परिच्छेद — १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**(१) यो निर्देशिकाको नाम "कृषि विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०८१"रहेको छ।

(२) यो निर्देशिका केरावारी गाँउपालीका, गाँउ कार्यपालिकाको कार्यालयबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

**२. परिभाषाः-**बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;-

(क)"**कार्यक्रम**" भन्नाले यस निर्देशिका बमोजिम संचालन हुने कृषि विकास कार्यक्रम सम्झनु पर्छ।

(ख) "**कार्यालय**" भन्नाले केरावारी गाँउपालीका, गाँउ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ। सो शब्दले वडा समितिको कार्यालय समेतलाई जनाउछ।

(ग)"**कृषक**" भन्नाले कृषि उत्पादनमा प्रत्यक्ष संलग्न भएको व्यक्तिलाई तथा केरावारी गाँउपालिकाको कृषि ऐन २०७७ अनुसार परिभाषित ब्यक्तीसम्झनु पर्दछ।

(ग)"**कृषि तथा सहकारीशाखा**" भन्नाले केरावारी गाँउपालिका अन्तरगत रहेको कृषि तथा सहकारी शाखा सम्झनुपर्दछ।

(घ) "**कृषि समिति**" भन्नाले केरावारी गाँउपालिकाको कृषि ऐन २०७७ बमोजिम कार्यपालिका बाट गठित गाँउपालीका स्तरीय कृषि समिति सम्झनु पर्दछ।

(ङ) "**ऐन**" भन्नाले केरावारी गाँउपालिकाको कृषि ऐन २०७७ लाई सम्झनु पर्दछ ।

(च) "फर्म" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको निजी क्षेत्रका व्यवसायी /उद्यमीको संस्थालाई सम्झनुपर्दछ।

(छ) "कम्पनी" भन्नाले व्यवसाय गर्न चाहने व्यक्ति वा समूहले प्रचलित कम्पनी कानून अनुरुप दर्ता भएका संस्थालाई सम्झनु पर्दछ ।

(ज) "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई मिल्दा जुल्दा समस्या, आवश्यकता र चाहनाहरु भएका न्यूनतम् १५ वा सो भन्दा बढी व्यक्तिहरु मिलि सामूहिक प्रयत्नद्धारा कृषि क्षेत्रमा साझा उद्देश्यहरु प्राप्त गर्न साविकको जिल्ला कृषि विकास कार्यालय तथा गाँउपालिका मा दर्ताभएका केरावारी गाँउपालिका भित्रका कृषक समूह सम्झनु पर्दछ।

(झ) "कृषिसहकारी" भन्नाले विगत सहकारी डिभिजन कार्यालय तथा जिल्ला कृषि विकास कार्यालय अन्तर्गत दर्ता भएका वाकेरावारी गाँउपालिका भित्र रहेका सहकारी ऐन

२०७५ अनुरुप दर्ता भएका संस्था सम्झनुपर्दछ।

(ञ) “अनुदान” भन्नाले यस निर्देशिका अनुरुप संचालन गरिने कार्यक्रमको लागि कार्यालयबाट उपलब्धगराइने रकम वा जिन्सी सामग्रीलाई सम्झनुपर्दछ।

(ट) “अनुदानग्राही” भन्नाले यस निर्देशिका अनुसार अनुदान प्राप्त गर्ने कृषक/ कृषि फर्म/ कम्पनी/ कृषक समूह/ कृषि तथा बुउद्देश्यिय सहकारी संस्था/ उपभोक्ता समिति आदी लाई सम्झनु पर्दछ।

(ठ) “स्वीकृत बार्षिक वजेट” भन्नाले केरावारी गाँउपालिका को चालु आ.व. लाई कृषि विकास कार्यक्रम संचालनको लागि तोकिएको बजेट रकम भन्ने सम्झनु पर्दछ।

(ढ) “कृषि सेवा केन्द्र” भन्नाले केराबारी गाँउपालिका अन्तर्गत बिभिन्न वडाहरुमा स्थापना भएका कृषि सेवा केन्द्रहरुलाई संझनुपर्दछ ।

# परिच्छेद — २

## कृषि विकास कार्यक्रम संचालनहुने क्षेत्र तथा बिधि

**१.कार्यक्रमकाक्षेत्रदेहायबमोजिमहुनेछः-**

(क) असल कृषि अभ्यास कार्यक्रम

(ख) प्रविधि प्रदर्शनी कार्यक्रम

(ग) व्यवसायिक तथा बेमौसमी तरकारी खेती विकास कार्यक्रम

(घ) कृषि यान्त्रिकरण कार्यक्रम

(ङ) व्यवसायिक फलफुल तथा कृषि वन कार्यक्रम

(च) बालि संरक्षण, बिपत व्यावस्थापन तथा माटो सुधार कार्यक्रम

(छ) कृषि उद्यम विकास तथा प्रवर्दन कार्यक्रम

(ज) योजना. कृषितथ्यांक, आर्थिक विश्लेषण तथा जनचेतना कार्यक्रम

**२. कार्यक्रम संचालन क्षेत्र,अवधी ,दायित्व तथा अनुदानग्राही**

(क) कार्यक्रम संचालन हुने क्षेत्रहरुः- केरावारी गाँउपालीकाका भित्रका सम्भावना भएका वडाहरु हुनेछन भने कार्यक्रम गाँउपालिकाले कृषि क्षेत्र भनि तोकीएका क्षेत्रहरुमा प्राथमिकता दिईने छ ।

(ख) कार्यक्रम अवधिः- कार्यक्रमको संचालन अवधि चालु आ.व.को हुनेछ।आवश्यकता र सम्भावनाको आधारमा आगामी आ.व.हरुमा अवधि थप गर्न सक्नेछ।

(ग) कार्यक्रम कार्यान्वयन सम्बन्धि जिम्मेवारी तथा दायित्व :- प्रस्तावक कृषक छनौट गर्न कृषि समितिले कुनै खास वडा तोक्न सक्नेछ र तोकीएको वार्डमा कार्यक्रम संचालन गर्ने दायित्व कृषि तथा सहकारी शाखाको हुनेछ ।

(घ) अनुदान प्राप्त गर्न सक्ने साझेदारहरु :- बिधिवत रुपमा दर्ता तथा नविकरण भएका कृषक समुह/ कृषि सहकारी साथै कृषि कार्य गर्ने उद्देश्य लिएका बहुउद्देश्य सहकारीहरु/कृषि फर्म/ कृषि उधोग/कम्पनी साथै कृषकहरु तथा टोल विकास संस्थाहरु तथा कृषि बन जस्ता कार्यक्रममा सामुदायीक बनहरु अनुदान प्राप्त गर्ने साझेदार हुनेछन ।

**३. अनुदानका कार्यक्रम छनौटको आधारहरु :-** अनुदान कार्यक्रम सञ्चालनार्थकृषक समुह/ कृषि साथै कृषि कार्य गर्ने उद्देश्य लिएका बहुउद्देश्य सहकारीहरु/कृषि फर्म/ कृषि उधोग/

कृषकहरु/ टोल विकास संस्थाहरु साथै सामुदायीक बनहरु देहाय बमोजिम हुनेछन्।

(क) संचालन गरिने कृषि खेती व्यवसायको स्थल प्राविधिक, भौगोलिक तथा आर्थिक दृष्टिकोणले उपयुक्त हुनुपर्नेछ।

(ख) खेती व्यवसायको लागी जमीन आफनै वा भाडामा लिएर गर्न सकिनेछ।खेती व्यवसाय गर्ने कृषक सोही गाँउपालिकाको स्थायी बासिन्दा हुनुपर्ने बाध्यकारी नभए पनि सम्बन्धित गाँउपालिकामा नै खेतीको लागि प्रस्ताव गरेको हुनुपर्नेछ।भाडाको जमिनको हकमा लामो प्रकृतिको फलफुल खेती साथै लामो प्रकृतिका संरचना बाहेक अन्य कृषि कार्यमा ५ बर्षको भाडा संझौता हुनुपर्ने छ ।

(ग) व्यवसायिक खेती व्यवसायको लागि सम्बन्धित कृषकले कार्यक्रम अनुसार लागत साझेदार गर्न प्रतिबद्ध हुनुपर्नेछ।उक्त रकम/श्रमदान/जिन्सी वा तिनै थरी गरी हुनसक्नेछ।

(घ) महिला, दलित, , सामाजिक रुपमा पिछडिएका तथा विपन्न कृषकवर्गको हितलाई विशेष प्राथमिकता दिईनेछ।

(ङ) छनौट गर्दा गाँउपालिकाले निर्धारण गरेको कृषि क्षेत्रमा कृषि व्यवसाय संचालन गर्ने कृषक लाई प्राथमिकता दिईनेछ।

(च) वातावरणीय अनुकूलका कृषि व्यवसायलाई प्रोत्साहित गरिनेछ।

(छ) गाँउपालिका तथा अन्य सरकारी तथा गैह्र सरकारी निकायका अन्य कार्यक्रमबाट कृषि व्यवसायका लागि सहयोग नलिएको कृषकहरुलाई प्राथमिकता दिइनेछ ।

(झ) एकपटक अनुदान पाएका कृषक/ एका घरका सगोलमा रहेका कृषक परिवारलाई पूनः सोही प्रकृतिको अनुदानका लागी प्रकृति हेरी स्थायि प्रकृतिक छिटै नाश नहुने सामाग्री तथा निर्माणमा अनुदान प्राप्त भएको भए २ बर्ष देखी ५ बर्ष छनौट नगर्ने

(ट) प्रयोग पस्चात बर्षेनी नास भएर जाने वा सो बर्ष तथा सिजन पछी अर्को सिजनमा पुन नया प्रयोग गर्नु पर्ने प्रकृतिका बस्तु तथा सामाग्रीहरु बिउ बिजन, बिषादी, मल्चिङ प्लाष्टीक लगाएतका कृषि कार्यमा प्रयोग हुने प्लाष्टीक तथा अन्य अस्थायी प्रकृतिका कृषि सामग्री मा भने बर्षेनी  दिन सकिने।

(ञ)छनौट भएका अनुदान कार्यक्रमहरु सोही आर्थिक वर्ष भित्र पुरा हुनुपर्दछ।

**(४) कार्यक्रम संचालन प्रकृया :-**

(क) कृषि तथा सहकारी शाखाले अनुदानमा संचालन गरिने कार्यक्रमहरुको लागिकार्य प्रकृति हेरी न्युनतम १५ देखि ३० दिनको म्याद राखी सुचना प्रकासन गर्नुपर्ने छ ।यसरी सुचना प्रकासन गर्दा तल्लो तह सम्म पुग्ने गरी बिधुतिय माध्याम, सामाजिक संजालको समेतप्रयोग गर्नुपर्ने छ ।उक्त अवधीभरमा पर्याप्त आवेदन नपरेमा पुन ७ देखी १५ दिनको सुचना दोश्रो पटक प्रकासन गर्नु पर्ने छ । यदी सो समयमा पनी पर्याप्त निवेदन नआएमा जती निवेदन परेका छन त्यती लाई मात्र कार्यक्रम संचालन गरिने छ ।

(ख) अनुदानग्राहीले कार्यक्रम माग गर्दा समय अबधी भित्रै तोकिएको मापदण्डको अधिनमा रही  निवेदन दिनुपर्नै छ । अनुदानका लागी किसानहरुले माग गर्दा आफु संलग्न संस्थाहरु बाट प्राप्त फर्मेट भरी निवेदन सम्बन्धीत संस्थामै दिनुपर्ने छ । सम्बन्धित संस्थालले एकमुष्ठ रुपमा प्रारम्भिक छानविन गरी किसानहरुको सक्कलै निवेदन तथा आवाश्यक कागजात सहित

संस्थागत निर्णय गरी सम्बन्धित कृषि सेवा केन्द्रहरु, वडा कार्यालयहरु वा कृषि तथा सहकारी शाखामा पेश गर्नुपर्ने छ ।यसरी पेश गर्दा वडा कार्यालयको सिफारिस अनिवार्य रुपमा संलग्न हुनु पर्ने छ ।उल्लेखित प्रकृया बाहेक आवेदन बिधुतिय माध्यामबाट पनी हाल्न सकिनेछ यस कार्यका लागी कृषि तथा सहकारी शाखाले आवाश्यक प्रकृया मिलाउने छ ।

(ग) कृषि तथा सहकारी शाखाले प्राप्त निवेदनहरु उपर प्रारम्भीक छानविन गरी कृषि समितिको बैठकमा पेशगर्नुपर्ने छ । कृषि समितिले संबन्धित वडाहरु संग समन्वय गरेर आवश्यक छानविन गरी अनुदानग्राहीछनौट गरी आवाश्यकता तथा प्रकृति अनुसार कार्यपालिकामा अनुमोदनका लागि पेश गर्नुपर्ने छ ।

(घ) कार्यपालिकाबाट अनुमोदन गर्नुपर्ने प्रकृतिका कार्यक्रमहरुको कार्यपालिका बाट अनुमोदन भए पस्चात छनौट भएका अनुदानग्राही लाई जानकारी गराई जानकारी गराएको ७ दिन भित्र आवाश्यक कागजातका साथ कार्यक्रमसंझौता गर्नु पर्ने छ । १५ दिन सम्म पनि

कार्यक्रम संझौता गर्न नआएमा बैकल्पिक प्रस्तावकलाई कार्यक्रममा सामेल गरिने छ ।

(ङ) कार्यक्रम संझौता तथा कार्यादेश पाएको समय भित्र कार्य सम्पन्न गरी भुक्तानीका लागी आवाश्यक कागजात सहित बील भरपाई कार्यालयमा पेश गर्नुपर्ने छ ।

(च)सम्बन्धित अनुदानग्राही ले शुरुमा आफ्नो लगानीबाट संझौताअनुसारको कार्य सम्पन्न गरी नियमाअनुसार वील भरपाई र प्राविधिकको कार्यसम्पन्न प्रतिवेदन सहित भुक्तानीको लागि निवेदन पेश गर्नुपर्ने छ । तत् पस्चात गाँउपालिकाबाट स्थलगत अनुगमन गरि मनासिव ठहरेमा अनुदान रकम भुक्तानी हुनेछ।

(छ) कार्यालयले बीलभरपाई साथै आवाश्यक कागजात पुर्ण रुपमा प्राप्त भएपस्चात समयमै भुक्तानी दिनुपर्ने छ ।

(ज) सम्पन्न भएका कृयाकलापहरुको अनुदान रकम साझेदारको बैक खाता मार्फत भुक्तानी प्रदान गरिनेछ।

(झ) अनुदानका कार्यक्रमको प्रकृति हेरी लाभग्राहीले निर्देशिकामा तोकिए बमोजिमको लागत साझेदार बापतको रकम कार्यालयमा जम्मा गरे पस्चात प्रचलित कानुन बमोजिम कार्यालयले अनुदानमा उपलब्ध गराउने सामग्री खरिद गरी वितरण गर्न सक्नेछ ।

(५) कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन :-

(क) निवेदन प्राप्त भएपछि कार्यक्रम छनौटका अतिरिक्त कार्यक्रम संचालन भईरहेका समयमा तथा समापन भएपस्चात कार्यक्रमको अनुगमन गर्नुपर्ने छ । कार्यक्रमहरुको अनुगमन कृषि समितिका अतिरिक्त, गाँउपालिका स्तरीय अनुगमन समिति, सम्बन्धित वडा कार्यालय, गाँउपालिका प्रमुख वा प्रमुख प्रशासकिय अधिकृतले गर्न सक्ने छन ।

(ख) अनुगमनका क्रममा त्रृटी देखिएमा सम्बन्धीत पक्षले दिएको निर्देशन अनुदानग्राहीले पालना गर्नुपर्ने छ । संझौता अनुरुप काम नगरेमा कार्यालयले भुक्तानी रोक्का गर्न सक्ने छ ।

(ग) अनुगमनका क्रममा गाँउपालिका बाट अनुदान प्राप्त सामाग्रीहरु लाभग्राही किसानले सम्बन्धित काममा प्रयोग नगरेमा, बेवारिसे बनाएमा वा कार्यक्रमको मर्म भन्दा बाहेकको काममा सामान प्रयोग गरेमा सामान जफत गरि फिर्ता लिन सक्नेछ । पालिका बाट अनुदान प्राप्त कृषि सामाग्री तथा औजार उपकरण ४ बर्ष भित्र हक हस्तान्तरण गरी विक्री वितरण गराएको पाईएमा पालिकाले दिएको अनुदानको रकम गाँउपालिकाले फिर्ता माग्ने छ । यदी

उक्त रकम फिर्ता नगरेमा सम्बन्धीत किसानलाई पालिका बाट पाउने कुनै पनी सुविधा ५ बर्ष सम्म उपलब्ध नगराउने तथा सम्बन्धित मानिसलाई कालो सुचिमा राख्नु पर्नेछ ।

(६) **कृषि व्यावसायका लागी न्युनतम मापदण्ड :-** केरावारी गाँउपाललिका भित्र कृषि कार्य गर्ने किसानहरुले देहायका मापदण्ड पालना गर्नुपर्ने छ ।

(क) कृषि कार्यमा गर्दा लाग्ने खर्च, आम्दानी साथै फार्म गतिविधीको रेकर्ड राख्नुपर्ने छ।

(ख) खेती प्रणाली न्युनतम दुरी सहित हारहार प्रणाली बाट लगाउनु पर्ने छ ।

(ग) कृषि फार्ममा गाउँपालिकाको प्राङ्गारिक मल उत्पादन केन्द्र ले उत्पादन तथा सिफारिस गर्ने जैविक तथा प्रङ्गारिक मल साथै जैविक बिषाधी बनाई प्रयोग गर्नु पर्नेछ ।

(घ) कृषि पर्यटनलाई आकर्षक गराउन साथै फार्म आकर्षक बनाउन बिभिन्न किसिमका सदावहार बोटबिरुवा, आकर्षक आलङ्कारीक बिरुवा पुष्प सजावट जस्ता कार्य गर्नु गर्नुपर्ने छ ।

(च) कृषि कार्य गर्ने तथा स्मार्ट फोन बोक्ने मानिसले कृषि संग सम्बन्धीत मोबाईल एप्लीकेसन डाउन्लोड गर्नुपर्ने छ भने घरमा टेलिभिजन हुनेहरुले कृषि संग सम्बन्धीत टेलिभिजनहरु हेर्नुपर्ने छ ।

**(७) आवेदन पेश गर्दा संलग्न गर्नुपर्ने आवाश्यक कागजातहरु**

(क)समुह/सहकारी/फर्म/कम्पनी/समितिदर्ताको फोटोकपी।

(ख) PAN /VAT को प्रतिलिपि ।

(ग) सहकारी संस्था भए अघिल्लो बर्षको लेखापरीक्षण प्रतिवेदन ।

(घ) किसान परिचयपत्र जारी भए पस्चात किसान परिचयपत्रको फोटोकपी नहुन्जेल राष्ट्रिय परिचय पत्र वा नागरीकताको प्रतिलिपी, जग्गा धनि पुर्जा/ व्यावसायिक करारनामाको प्रतिलिपी (लालपुर्जा नभएको जग्गामा वडा कार्यालयको भोगचलनको सिफारिस ।

(ङ) कार्यालयले तोके बमोजीमको फारम भरी निवेदन ।

(च) वडा कार्यालयको सिफारिस पत्र (सिफारिस पत्रमा कृषि र गैह्रकृषि क्षेत्र छुट्टिएको हुनुपर्ने)।

(छ) समुह/सहकारीले फारम भर्दा कुन कार्यक्रम कुन सदस्यलाई हो सो खुलाई निजको नागरिकताको फोटोकपी सहितको विवरण भरी पेश गर्नुपर्ने छ ।

(ज) अनलाईन फारम भर्दा कार्यालएले तोकेको अवधिमा माथि उल्लेखित कागजातहरु पेष गर्नुपर्ने छ ।

**(८)** वडा कार्यालयहरु बाट संचालन हुने कृषिका कार्यक्रमहरु पनि यसै निर्देशिका बमोजिम हुने छ ।

**(९) बाधा अड्चन फुकाउनेः-** यस निर्देशिकाको कार्यन्वयनमा कुनै बाधा अड्चन उत्पन्न भएमा तथा कुनै विषय अस्पष्ट भएमा कृषिसमितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरी सो बाधाअड्चन फुकाउन सक्नेछ।

**(१०)** खारेजी र संशोधनः- केरावारी गाँउ कार्यपालिकाले यस अघि पारित गरेको कृषि विकास कार्यक्रम संचालन कार्यबिधि २०८० लाई खारेज गरिएको छ ।यो निर्देशिकालाई समेत कार्यपालिकाले आवश्यकता अनुसार संशोधन वा खारेज गर्न सक्नेछ।

## परिच्छेद-३

## असल कृषि अभ्यास कार्यक्रम निरन्तर

**(१) कार्यक्रमको नाम :- असल कृषि अभ्यास कार्यक्रम निरन्तर**

केराबारी गाँउपालिका ले चालु आ.ब. २०८०/०८१ मा कार्यक्रम लागु भएका क्षेत्रमा कार्यक्रमको निरन्तरताको लागि यो कार्यक्रम ल्याईएको हो ।

(क) चालु आ.ब. २०८१/०८२ मा गरिने कृयाकलापहरु

असल कृषि अभ्यास कार्यक्रम लागु भएका क्षेत्रहरुमा चालु आ.ब. मा तपशिलमा उल्लेखित कृयाकलाप गरिने छ । यि उल्लेखित कार्यक्रमका अलवा उक्त कार्यलाई सपोर्ट हुने गरी अन्य कृयाकलाप पनी पालिकाले गर्न सक्ने छ ।

कृयाकलापहरु

| क्र.सं. | कार्यक्रम | गरिने कृयाकलापहरु | कार्यक्रम अनुदान |
|---|---|---|---|
| १ | असल कृषि अभ्यास कार्यक्रम लागु भएका क्षेत्रहरुमा( सुधारिएका कृषि औजार उपकरण तथा कृषि उत्पादन सामाग्री वितरण ७५% अनुदान) | - कार्यक्रम लागु भएका क्षेत्रका किसानहरुलाई दैनिक कृयाकलापहरुमा सहजिकरण गर्ने खालका नया विकसित बिभिन्न खनजोत गर्ने, बालि कटान गर्ने, गोडमेल गर्ने, वाली तथा बोट बिरुवा रोप्ने साथै व्यवस्थापन गर्न सहयोग गर्ने बिभिन्न किसिमका हाते औजार | ७५%अनुदान |

| | | | |
|---|---|---|---|
| | | उपकरण तथा बिभिन्न कृषि उत्पादन गर्न सहयोग गर्ने सामाग्री वितरण गर्न सकिने छ । | |
| २ | असल कृषि अभ्यास कार्यक्रम लागु भएका क्षेत्रका किसानलाई(स्थलगत क्षमता अभिबृद्धी तालिम तथा फलोअप कार्यक्रम) | - किसानहरुको व्यावसायिक कृषि गर्न क्षमता अभिबृद्धी गर्न कार्यक्रम लागु भएका क्षेत्रका किसानहरुको कम्तिमा २ दिनको क्षमता अभिबृद्धी तालिम संचालन गर्न सकिने छ । | १००%अनुदान |
| ३ | समुदायमा स्थापना भएका नर्शरीहरुलाई सुद्धढिकरण तथा आवाश्यक सामाग्री वितरण(बिउ बिजन बिषादी तथा अन्य) | - कार्यक्रम लागु भएका क्षेत्रमा आ.ब. २०८०/०८१ मा स्थापना भएका सामुदायीक नर्शरीहरुको लागी बिउ-बिजन बिषादी तथा अन्य यस्तै प्रकारका सामाग्रीहरु उपलब्ध गराउने | ८५%अनुदान |
| ४ | भकारो सुधार तथा जैविक मल/ बिषादी व्यवस्थापन | - कार्यक्रम लागु भएका स्थानका किसानहरुको २ गाई/भैषि बस्ने थलो सुधार गर्ने, पिसाव जाने नाली पक्की बनाउने, पिसाव सङ्कलन हुने खाल्डो कम्तीमा भित्री परिधी | ८५%अनुदान |

| | | | |
|---|---|---|---|
| | | १/२ बर्ग मि. को बनाउने, गाई भैषिको भकारो थुपार्ने स्थानमा छानको व्यवस्थापन गर्ने ।<br>- प्रति कार्यक्रम अनुदान रु. १५०००।– | |

परिच्छेद-४

## प्रविधि प्रदर्शन कार्यक्रम

केराबारी गाउँपालिका भित्र अनुसन्धान बाट विकसित सफल तथा अन्य क्षेत्रका किसान माझ लोकप्रिय भएका प्रविधिहरु को प्रविधि प्रदर्शन गर्ने उदेश्यले यो कार्यक्रम ल्याईएको हो ।

(१) अनुसन्धान बाट विकसित तथा सफल भएका नया प्रविधि कृषकको खेतवारीमा प्रदर्शन कार्यक्रम –

यो कार्यक्रममा तपशिल बमोजिमका कृयाकलापहरु तथा कार्यक्रमहरु संचालन गर्न सकिनेछ ।

(क) बिभिन्न खाध्यान बाली, दलहन बाली, तरकारी बाली, फलफुल बाली, मसला बाली, औधोगिक बालीको उत्पादन प्रदर्शन/ नतिजा प्रदर्शन गरिनेछ ।

(ख) बैकल्पीक सिचाईका प्रविधिहरु, कृषि यान्त्रीकरण , कृषि सम्बन्धी बिभिन्न प्रबिधिहरु, बिभिन्न बाली बिरुवामा देखिएका रोग किरा नियन्त्रण सम्बन्धी प्रविधिहरुको प्रदर्शन

(ग) अन्यन्त्र विकिसित तथा सफल प्रविधिहरु को प्रदर्शन ।

(घ) स्थलगत किसानहरुको क्षमता अभिबृद्धी तालिम लगाएतका कृयाकलापहरु तथा अवलोकन

(ङ) कार्य संचालन गर्दा गाँउपालिकाको शत प्रतिशत अनुदान रहनेछ ।

(च) आर्थिक पक्ष प्रचलित कानुन बमोजिम हुनेछ । प्रति कार्यक्रम बढिमा रु ३००००।— सम्म खर्च गर्न सकिनेछ ।

(२) सुक्ष्म जीवाणु मल प्रयोग नतिजा प्रदर्शन कार्यक्रम

यो कार्यक्रम विकसित तथा नया विकास गरिने बिभिन्न किसिमका जैविक मलहरु, जैविक विषादी तथा बिभिन्न शक्तीवर्दक सुश्म जिवाणु मलहरु किसान सम्मक्ष पुर्याउन तथा यस कार्यक्रमको माध्याम बाट जैविक तथा प्राङ्गारिक खेतीमा किसानहरुलाई लाग्न अभिप्रेरित गर्ने हो ।

(२.१) यो कार्यक्रममा तपशिल बमोजिमका कृयाकलापहरु तथा कार्यक्रमहरु संचालन गर्न सकिनेछ ।

(क) प्रविधि प्रदर्शन गर्न सहयोगी अगुवा किसान छनौट ।

(ख) कार्यक्रमको परिधिभित्र रहि आवाश्यकता बमोजिम कम्तिमा २०० लि. को ड्रम खरिद गरि वितरण

(ग) कृषकहरुलाई प्राकृतिक तथा जैविक खेति सम्बन्धी तालिम

(घ) बिभिन्न किसिमका जैविक जिवाणुहरु, प्रोबायोटिकहरु तथा यस संग सम्बन्धीत सामाग्रीहरु चुना, सख्खर लगाएतका सामग्रीहरु खरिद गरी वितरण ।

(घ) प्रविधि प्रचार प्रसारका लागि गरिने यो कार्यक्रममा गाउँ पालिकाको १०० प्रतिशत अनुदान रहनेछ ।

## परिच्छेद-५

## व्यवसायिक फलफूल विकास/कृषि वन कार्यक्रम

केरावारी गाँउपालिका बिभिद किसिमको हावापानी अनेक किसिमको **भूगोल** भएकोले हिउदे तथा बर्षे फलफूल खेतीको व्यापक संभावना रहेको छ । पहाडी भु-भागमा बढ्दो बसाईसराई साथै रोजगारीका

लागि अन्यन्त्र जाने परम्परका जस्ता कारण कृषि कार्यमा मानविय श्रमको उपलब्धता न्युन हुदै गएको छ जसको परिणाम कृषि जन्य भुमी बाँझिने क्रम जारी रहेकाले अन्य बालिको तुलनामा फलफुल खेतीमा श्रम कम लाग्ने भएकाले किसानहरुलाई आकर्षित गर्न तथा फलफूलको माग देश भित्रै उच्च रहेकाले फलफूल विकास कार्यक्रम मार्फत केरावारी क्षेत्रमा व्यावसायीक फलफुल खेती गर्न आवाश्यक सहयोग पुर्याउने र फलफूलका बिरुवामा गाँउपालिकालाई आत्मानिर्भर पुर्याउने साथै रोजगारी श्रृजना गराउने उद्देश्यले यो कार्यक्रम ल्याईएको हो ।

**(१) कार्यक्रमको नाम :- व्यवसायीक फलफुल खेतिको बगैचा स्थापना कार्यक्रम**

**(१.१) संचालन हुने कृयाकलापहरु :- यस कार्यक्रम भित्र देहायका कृयाकलापहरु गरिने छ ।**

(क) केरावारी गाँउपालिकामा क्षेत्र भित्र संभाब्य रहेका हिउदे फलफूलहरु(किवि फल, ओखर, आरु, नास्पाती, स्याउ लगाएत अन्य पतझड फलफूल) बर्षे फलफुलहरुमा (अमिलोजातका फलफुल, उष्ण प्रदेशिय सदावहार फलफूल, औधोगिक प्रयोजनका लागी प्रयोग हुने फलफूल, स्टवरी खेती तथा अन्य

व्यावसायिक महत्व बोकेका जमिन माथी वा जमिन मुनी फल्ने सम्पुर्ण फलफूल) हरुको बगैचा स्थापना गर्न तथा पुराना बगैचा सुधार गर्न सकिने छ ।

(ख) यो कार्यक्रम मार्फत नियम १.१ को "क" बमोजिमको स्थापन गरीने फलफुल बगैचाका लागि बिरुवा/रनर्श खरिद, सिचाई, प्लाष्टिक पोखरी, ग्राविटी थोपा सिचाई सेट, ठुला थोपा सिचाई जडान, सिचाई टेङ्की तथा टेङ्की निर्माण, टहरा निर्माण लगाएत अन्य संरचना निर्माण तथा फलफुल खेतीका लागी आवाश्यक पर्ने औजारउपकरण साथै अन्य उपयोगी सामग्रीहरु का लागि आवाश्यक सहयोग उपलब्ध गराईने छ । सिचाईका कार्यक्रमहरु सिचाई साझेदारी कार्यबिधी अनुरुप हुनेछन ।

(ग) यो कार्यक्रममा कार्यालयको अनुदान रकम कुल स्विकृत परियोजनामा ७५% र लाभग्राही किसानको २५% लागत साझेदार हुनुपर्ने छ ।

**(१.२) यस कार्यक्रमका लागि आवाश्यक मापदण्डहरु तथा गर्नुपर्ने कृयाकलापहरु**

(क) बिरुवामा गाँउपालिकाको अनुदान भए पस्चात किसानहरुले लामो समयसम्म उत्पादन दिने फलफूलहरुमा १*१*१ मिटरको खाल्डा र छोटो अबधिका तथा कम जरा फैलने फफूलहरुमा ०.५*०.५*०.५ मि. खाडल खनि साथै कम जरा जाने Hearbs प्रजातिका बिरुवाका लागि डेङ्ग अनिवार्य निर्माण गरी सिफारिस अनुसार कम्पोष्ट तथा जैविक मल हाली खाल्डा पुर्नु पर्ने छ, सो पस्चात १ महिना पछी मात्र बिरुवा रोप्नु पर्ने छ ।

(ख) बिरुवालाई हारहारमा लाईन मिलाई मापदण्ड बमोजिमको दुरी मिलाई रेखाङ्कन गरी बिरुवा रोप्नु पर्ने छ र रोपे पस्चात संरक्षणको लागी आवाश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(घ) अनुदान प्राप्त बिरुवाहरुको संरक्षणको दायित्व किसानहरुको हुनेछ । हेल्चेक्राईका कारण मरेमा वा नष्ट भएमा त्यस्तो ठहर हुन गएमा किसानले गाँउपालिकालाई बिरुवा खरिद गर्दा लागेको रकम क्षेतिपुर्ती दिनुपर्ने छ ।

(ङ) यो कार्यक्रममा न्यूनतम बिरुवाको माग गर्नुपर्ने संङ्ख्या

| क्र.स. | स्थापना गरिने बगैचा | न्यूनतम क्षेत्रफल |
|---|---|---|
| १ | किवि फल, आरु, स्याउ, नासपाती, अम्बा, कागजी बदाम, अनार, सुन्तला, जुनार, कागती | ५ रोपनी |
| २ | एभोकाडो,ओखर, लिची, आँप | ५ रोपनी |
| ३ | सुपारी, केरा, मेवा | ५ कठा |
| ४ | ड्रागन फ्रूट | ५ कठा |
| ५ | स्टवेरी | १ रोपनी |

(छ) यो कार्यक्रमका लागी ईच्छुक कृषक समुह/सहकारी/ फर्म आवेदन फार्म तोकिएको ढाचामा भर्नुपर्ने छ ।

(ज) स्टवेरी खेती प्रवर्दन साथै अन्य फलफुल विशेष प्रवर्दन कार्यक्रमहरु समेत यही नियम बमोजिम हुनेछ ।

(झ) पुराना बगैचाहरुले अनुदानका कार्यक्रम उपलब्ध गराउदा पनि उपदफा ङ बमोजिम को क्षेत्रफल हुनुपर्ने छ ।

(२.४) **मुल्याङकनका आधारहरुउल्लेखीत फारमः**फलफुल बगैचा स्थापना गर्न जाने स्थानको अध्यन गर्न जादा अनुगमकर्ताले भर्नुपर्ने छ सो पश्चात मात्रै छनौट गर्नु पर्ने छ ।

मुल्याङ्कन फारम

| क्र.स. | मुल्याङ्कनको आधार | अधिकतम मुल्याङ्कन नं | प्राप्ताङ्कन | कैफियत |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | फलफुल खेती सम्बन्धी आधारभुत ज्ञान/ तालिम लिएको | भएको | २० | | अनुगमनमा मापदण्डबमोजिम न्युनतम ५०अङ्क भन्दा कम भएमा पुन बिज्ञापन गर्नु पर्ने छ |
| | | नभएको | १० | | |
| ५२ | यातायात तथा बिधुत/सिचाई को सुविधा पुगेको स्थान/ अन्य भौतिक पुर्वधार | पुगेको | २० | | |
| | | नपुगेको | १० | | |
| ३ | सम्बन्धित बिषयमा काम गरिरहेको अनुभव | भएको | २० | | |
| | | नभएको | १० | | |
| ४ | फलफुल खेती गरिने जग्गाको मोहडा/माटो को अवस्था/ | गरेको | २० | | |
| | | नगरेको | १० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | हावापानी तथा भु-धरातल | | | | |
| ४ | अन्य अनुगमनमा गएका पदाधिकारीको स्वमुल्यङ्कन | | २<br>० | | |
| | जम्मा | | | | |

**(२) कार्यक्रमको नाम :- कृषि बन कार्यक्रम**

सामुदायीक बनहरुका खाली जमिन साथै बनपैदावर पातलो रहेका क्षेत्रहरुमा कृषि बाली तथा फलफुलको खेती गरी बनलाई व्यवसायिक बनाउने साथै बादर लगाएत जङ्गली जनावर जङ्गलमै रहने वातावरण निर्माण गरी जनावर र मानिस बिचको द्धन्द कम गर्ने, मौरी चरन क्षेत्र बिस्तार गर्ने, औधोगिक बाली बिस्तार गर्ने साथै वनलाई उत्पादनशिल बनाउन यो कार्यक्रमको मुख्य उदेश्य रहेको छ ।

**(क) कार्यक्रममा गरिने कृयाकलापः-** यस कार्यक्रम अन्तर्गत तपशिल बमोजिमका बिरुवाहरु रोप्ने साथै कृयाकलाप गरिनेछ ।

(१) बिभिन्न जातका फलफुलहरु को रोपण(सुपारी, कटहर, नरिवल, लिची, आप, एभोकाडो, मेकाडेमिया नट, सिताफल, बेल, बयर, अम्बा, केरा तथा अन्य उपयोगी फलफुलका जातहरु)

(२) बिभिन्न बनजन्य बहुउपयोगी औधोगिक बालीहरु को रोपण(चिउरी, निम, रबर, सजिवन, तेजपत्ता, रुद्राक्ष)

(३) बनमा फल्ने बिरुवाहरुको रोपण(काफल ,जामुन, कुसुम, हर्रो, बर्रो, अमला, बादरझुला, फडिर तथा अन्य उपयोगी बिरुवाहरु)

(४) नगदे बालीहरु, मसलाबालीहरु को खेती

(५) बिरुवा संरक्षणका लागी तारवार तथा बिरुवा छेकावटका कार्यहरु साथै बहुउपयोगी पोखरी निर्माण, बिभिन्न जोतखन गर्ने, ड्रिलिङ गर्ने सामग्रीहरु वितरण गरिने छ ।

(६) सामुदायिक बनहरुमा उल्लेखित बिरुवाहरुको नर्शरी निर्माण गर्न सकिनेछ ।

**(ख) संचालन प्रकृया तथा आर्थिक पक्ष**

(१) यो कार्यक्रम बिशेष गरी सामुदायिक वनहरु संगको सहकार्यमा संचलन गरिनेछ । ईच्छुक सामुदायिक बनहरु बाट प्राप्त निवेदहरु कृषि समितिले आवाश्यक

छानविन गरी कार्यक्रमको लागि छनौट गरी अनुमोदनका लागि कार्यपालिकामा पठाउने छ । कार्यपालिकाको अनुमोदन पस्चात कार्यालयले लाभग्राही संग कार्यक्रम संचालनको लागि संझौता गर्ने छ ।

(२) उल्लेखित कार्यक्रममा सामाग्री खरिद मात्रै भएको अवस्थामा लाभग्राही संग  लागत साझेदारी बापतको रकम कार्यालयमा जम्मा गरी प्रचलित सार्वजनीक खरिद ऐन तथा नियमावली बमोजिम माग बमोजिमका सामग्री खरिद गरी वितरण गर्न कार्यालयले सक्नेछ ।

(३) यो कार्यक्रम अन्तर्गत कुल बिनियोजित रकमको ५०% रकम गाँउपालिकाको अनुदान हुनेछ भने सम्बन्धि लाभग्राहीको ५०% रकम लागत साझेदार हुनु पर्नेछ

## परिच्छेद-६
## व्यवसायीक तथा बेमौसमी तरकारी खेती विस्तार कार्यक्रम

केरावारी गाँउपालिकामा तरकारी खेतीको राम्रो सम्भावना रहेकाले यहाको भुगोलको उपयोग गर्दै व्यवसायीक तथा बमौसमी तरकारी बिस्तार गर्न यो कार्यक्रम ल्याईएको हो ।

**कार्यक्रमको नाम :- मागमा आधारित टनेल/मल्चिंग प्लास्टिक वितरण - ७५ % प्रतिशत अनुदान**

यस कार्यक्रम भित्र देहायका कृयाकलापहरु गरिने छ ।

(क) व्यावसायिक तरकारी खेती गरिरहेका र गर्न ईच्छुक तरकारी खेती गर्न ईच्छुक किसानहरुलाई कुल लागतको गाँउपालिकाको ७५ प्रतिशत र लाभग्राही किसानको २५ प्रतिशत लागत साझेदारीमा तरकारी खेतीमा प्रयोग हुने मल्चीङ साथै टनेल प्लाष्टीक वितरण गरिने छ ।

(ख) तरकारी खेती गरिरहेका तथा ईच्छुक फर्म तथा कुनै समुह/सहकारीमा सदश्य नभएका साधारण किसानहरु ले पनी यो कार्यक्रममा आबेदन दिन सक्नेछन भने कार्यालयले पनि पहिचान खुल्ने कागजातका आधारमा अनुदानमा सामग्री दिन सक्नेछ ।

## परिच्छेद-७
## कृषि यान्त्रिकरण कार्यक्रम

मानविय श्रममा आधारित रहेका कारण कृषिजन्य बस्तुहरुको उत्पादन लागत बृद्धी भई बजारमा प्रतिस्पर्धा गर्न नसकेको, कृषि कार्यमा श्रमिकको बारम्बार अभाव भईराखेकाले खेतीयोग्य जमिन बाँझिन गएको स-साना कृषि औजार उपकरण तथा कृषि सामाग्रीहरु उपलब्ध गराउने उद्देश्यले केरावारी गाँउपालिकाले यो कार्यक्रम ल्याएको हो ।

**(१) कार्यक्रमको नाम :- नयाँ विकसीत तथा किसानको मागमा आधारित ७५ % अनुदानमा स-साना कृषि औजार उपकरण तथा सामाग्री वितरण**

(क) यस कार्यक्रम अन्तर्गत किसानहरुको मागमा आधारित रहेर नयाँ विकसीत तथा बजारमा उपलब्ध हुने स-साना कृषि औजार, उपकरण, तथा अन्य उत्पादन तथा प्रशोधन संग सम्बन्धीत सामाग्रीहरु माग गर्न सक्ने छन ।

(ख) यस्ता उपकरणमा २५% किसानको वा अनुदानग्राहीको प्रत्यक्ष लागत साझेदारी हुनुपर्ने छ ।यो रकम अनुदानग्राहीबाट कार्यालयमा रकम

जम्मा गरी सार्वजनीक खरिद ऐन तथा नियमावली बमोजिम सामान खरिद गरी आवाश्यक प्रकृया पुर्याई अनुदानग्रही लाई सामाग्री हस्तान्तरण गर्नु पर्नेछ ।

(ग) प्रविधि प्रचार प्रसारका लागी कार्यक्रममा उल्लेख गरी स-साना कृषि औजार उपकरणहरु किसानहरुलाई निशुल्क दिन समेत सकिनेछ ।

(घ) यो कार्यक्रममा ईच्छुक फर्म तथा कुनै समुह/सहकारीमा सदश्य नभएका साधारण किसानहरु ले पनी आबेदन दिन सक्नेछन भने कार्यालयले पनि पहिचान खुल्ने कागजातका आधारमा अनुदानमा सामग्री दिन सक्नेछ । असङ्गठित रहेका कृषकहरुले पनि प्रत्यक्ष आवेदन दिन पाउने छन ।

(१) **मागमा आधारित विकसीत ठुला कृषि औजार उपकरण वितरण ५०% अनुदान कार्यक्रम**

(क) यस कार्यक्रम अन्तर्गत किसानहरुले आवेदन फारम भर्दा ठुला खालका कृषि औजार उपकरण पावरटेलर, मिनिटेलर,

रिपर, गोडमेल गर्ने उपकरण, मिनि थ्रेसर जस्ता उपकरणहरु माग गर्न सक्ने छन ।

(ख) यस्ता उपकरणमा ५०% किसानको वा अनुदानग्राहीको प्रत्यक्ष लागत साझेदारी हुनुपर्ने छ

(ग) कार्यालयले परिच्छेद २ को महल २, ३ र ४ बमोजिम प्रकृया पुरा गरेर अनुदानग्राही छनोट गर्नुपर्ने छ ।

(घ) कार्यालयले छनौट भएका किसानहरु वा अनुदानग्राही बाट ५०% रकम कार्यालयमा जम्मा गरी सार्वजनीक खरिद ऐन तथा नियमावली बमोजिम सामान खरिद गरी आवाश्यक प्रकृया पुर्याई अनुदानग्रहीलाई सामाग्री हस्तान्तरण गर्नुपर्ने छ ।

(ङ) गाँउपालिकाबाट अनुगमन हुदा कृषि यान्त्रिकरण कार्यक्रम अनुसार अनुदान प्राप्त सामाग्रीहरु तोकिएको काम भन्दा गैह्र प्रयोजन साथै बिसंहार पारेको वा संरक्षण नगरेको पाईएमा त्यस्तो सामान कार्यालयले जफत गर्न सक्ने छ । अनुदानमा प्राप्त सामाग्रीहरु कृषि प्रयोगका लागि सहुलियत भाडा वा आपसी समझदारीमा अरु किसानहरुलाई पनी दिनुपर्ने छ ।

परिच्छेद-८

## योजना कृषि तथ्याङ्क तथा प्रसारकार्यक्रम

### १. कार्यक्रमको नाम :- क्रप कटिङ

कृषिजन्य बस्तुको बार्षिक उत्पादन सम्बन्धी तथ्याङ्क अध्यावधिक गर्न तथा गाँउपालिका भित्रको कृषि सम्बन्धी बालीको उत्पादन बारे जानकारी लिन बिभिन्न बाली बस्तुको बाली कटानी गरी तथ्याङ्क अध्यावधिक गर्ने यो कार्यक्रमको उद्देश्य हुनेछ ।

(क) प्रति बाली कटानी खर्च स्थानीय जिल्ला दररेट अनुसार १ दिनको अदक्ष ज्यामी ज्याला बराबरको रकम खर्च गर्न सकिनेछ ।उपयुक्त सबैकार्यक्रमहरु विनियोजित बजेट र स्वीकृत कार्यक्रमको परिधि भित्र रही सञ्चालन गर्नु पर्नेछ।

(ख) क्रप कटिङ गरिसके पस्चात सम्बन्धित बालीको औषत उत्पादन सहितको गाँउपालिकाको बार्षिक कृषि तथ्याङ्क सहितको प्रतिवेदन बनाउनुपर्ने छ ।

२. **कार्यक्रमको नाम :- कृषि तथा सहकारी कार्यक्रमहरुको चौमासिक गोष्ठी तथा बार्षिक समिक्षा गोष्ठी तथा बिभिन्न सरोकारवाला बिच गोष्ठी**

(क) कार्यक्रमको उद्देश्य :- केरावारी गाँउपालिका भित्र कृषिलाई व्यवस्थित बनाउन, कृषि क्षेत्र भित्र देखिएको समस्याहरु समाधान गर्न , कृषि

क्षेत्रको विकास सम्बन्धी सरोकारवाला विच छलफल गर्न साथै अनुसन्धान बाट प्राप्त उपलब्धीहरु तथा प्रविधिहरु किसान सम्म पुर्याउने साथै किसानका बास्तविक समस्याहरु अनुसन्धानकर्ता सम्म पुर्याउने उद्देश्यले यो कार्यक्रम संचालन गरिएको हो ।

(ख) सहभागीहरु :-सरोकारवाला पक्ष, सम्बन्धित क्षेत्रका बिषय बिज्ञ, किसानहरु तथा कृषि उद्यमीहरु, कृषि अनुसन्धान परिषदका बैज्ञानिकहरु, कृषि प्राविधिकहरु, कृषि ज्ञान केन्द्र तथा कृषि विकास निर्देशनालय साथै सरोकारवाला निकायहरु ।

(ग) कार्यक्रम अवधी :- १ वा २ दिन

(घ) कार्यक्रममा हुनुपर्ने छलफल :- कृषि क्षेत्र संग सम्बन्धी त्रैमासिक, बार्षिक साथै बिभिन्न बिषयबस्तु संग सम्बन्धी बिभिन्न सरोकारवाला बिच छलफल तथा गोष्ठी हुनुपर्ने छ ।

(ङ)खर्च मापदण्ड : केरावारी गाँउपालिका बाट स्वीकृत खर्च नर्म्स वा अर्थमन्त्रालय बाट पारित गोष्ठी संग सम्बन्धीत नर्मस अनुसार कार्यालय

प्रमुख बाट कार्यक्रम स्विकृत गरि खर्च गर्नुपर्ने छ ।

**३. कार्यक्रमको नाम :- कृषि मेला प्रदर्शन साथै उत्कृष्ठ कृषक तथा कृषि उधमी पुरस्कृत कार्यक्रम**

किसान पेशा मानवको जिवन मरण संग जोडिएको तर यही पेशा संग सम्लग्न रही आजीवन काम गरिरहेका मानिसहरु समाजमा तिरस्कृत रुपमा बाच्नुपर्ने तथा सुविधाबिहिन भएर जिवन गुजारा गर्नुपर्ने तितो यथार्थ छ । त्यसैले कृषि पेशालाई मर्यादित पेशाको रुपमा चिनाउन तथा यस पेशामा लाग्न हौसला प्रदान गर्ने बिभिन्न कार्यक्रम सहित कृषक दिवस मनाउने सो अवसरमा कृषि मेला प्रदर्शनी सहित उत्कृष्ठ कृषि उधमीहरु(कृषि/पशु) तथा स्थानिय कच्चा पदार्थहरुको प्रयोग गरि उद्यम चलाउने उद्यमीलाई पुरस्कृत गर्ने उदेश्यले यो कार्यक्रम ल्याईएको हो ।

**(क)कृषि मेला प्रदर्शन—**

(१) यो कार्यक्रममा खाध्यान्न/दलहन/तेलहन, तरकारी, फलफुल, मसला बाली(अदुवा/अलैची/बेसार/लसुन/प्याज), औधोगिक बाली(चिया/कफि/ सुपारी/ रवर/उखु), कन्दमुलबाली (पिडालु/सखरखण्ड/सिमल तरुल/भुईस्याउ/आलु/तथा अन्य जमिनमुनी फल्ने

बाली) कृषि बालिको साथै पशु(गाई/भैसी/भेडा/बाख्रा बङ्गुर) , पक्षीं(कुखुरा/हाँस/टर्की/बटाई/कालिज) साथै घरेलु उद्यम लगाएतका ९ बिधामा प्रदर्शन गराईने छ ।

(२) यसरी गाँउपालिका भित्र उत्पादन भई मुल्याङ्कन समिति बाट उत्कृष्ट ठहरिएका नियम १ बमोजिमका बालीहरु का बिभिन्न बिधाहरुमा प्रत्येक बिधामा प्रथम, दितिय र तृतिय पुरस्कृत गरिने छ ।

(३) कृषि मेला प्रदर्शनी तथा उत्कृष्ठ कृषक तथा कृषि उद्यमी पुरस्कृत कार्यक्रमका लागि कार्यक्रम आयोजक मुल व्यवस्थपन समिति तथा आवश्यकता अनुसार उपसमितिहरु गठन गरी सञ्चालन गर्न सकिनेछ ।मुल व्यवस्थापन समिति कार्यपालिकाले गठन गर्न सक्नेछ भने यसरी गठीत मुल व्यवस्थापन समिले आवश्यकता अनुसार उपसमितिहरु गठन गर्न सक्नेछ ।

(४) कृषि मेला प्रदर्शनी कार्यक्रम सञ्चालन गर्दा वार्षिक स्वीकृत बजेटको परिधिभित्र रही कार्यक्रम तथा कृयाकलापहरुको लागत अनुमान सम्बन्धित कार्यालय प्रमुखबाट स्वीकृत गरी संचालन गर्न सकिने छ ।

(ख) **उत्कृष्ठ कृषक तथा कृषि उधमी साथै लघु/घरेलु उद्यमि पुरस्कृत**

(१)कृषि मेला प्रदर्शनीको अवसर पारेर बर्षमा १ दिन विविध कृषि सम्बन्धी कार्ययक्रम संचालन गर्नुका साथै केरावारी गाँउपालिका भित्र लामो समयदेखी कृषि पेशा गरिरहेका सफल किसानहरुलाई साथै उद्यमीलाई सम्मान गर्ने तथा गाउँपालिकामा आर्थिक गतिबिधी बढाउने उद्देश्यले यो कार्यक्रम संचालनमा ल्याईएको हो ।

(२)गाँउपालिकाको उत्कृष्ठ किसानका लागि कृषि तर्फ ५ जना र पशुपक्षी तथा मत्स्य पालन तर्फ ३ जना कृषक तथा १ जना स्थानिय लघु/घरेलु उद्यमी छनौट गरी पुरस्कृत गरिने छ ।

(३)उत्कृष्ठ कृषक तथा उधमीका मापदण्डहरु :-

- कम्तिमा ५ बर्ष देखी कृषि,पशुपालन र लघु/घरेलु उद्यम पेशा गर्दै आएको ।
- कृषि/पशु/उद्यमका माध्यम बाट जिवनमा सफलता हासिल गरेको ।
- उल्लेखित कार्यबाट रोजगारी श्रृजना गरेको ।
- कृषिका आधुनिक प्रविधिहरु तथा विविधता अवलम्बन्न गरेको ।

- समाजमा कृषिको विकास तथा प्रसार गर्न अमूल्य योगदान पुर्याएको ।
- नैतिक पतन नभएको ।
- लघु तथा घरेलु उद्यमिका हकमा कानुन बमोजिम आधिकारीक निकायमा दर्ता तथा नविकरण भएको ।
- अघिल्लो बर्ष सोही बिधामा पुरस्कार नपाएको ।

(४) उल्लेखित मापदण्डका आधारमा कृषि/आर्थिक समितिले छनौटको आवाश्यक प्रकृया तथा बिधि बारे निर्णय गरी उत्कृष्ठ किसान छनौट गर्ने छ । यसरी छनौट गरिएका किसानहरु को अनुमोदनका लागि गाँउकार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने छ ।

(ख)खर्च सम्बन्धी मापदण्ड :

| सि. नं. | कृषक दिवस कार्यक्रम विवरण | इकाई | परिणाम | दर | कैफियत |
|---|---|---|---|---|---|
| क | **कृषि मेला प्रदर्शनी** | | | | |
| १ | कृषि मेला सम्बन्धि स्टेज व्यवस्थापन/ साउन्ड सिष्टम तथा अन्य व्यवस्थापन खर्च | पटक | १ | स्थानिय दर अनुसार | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | खाना खर्च/खाजा(अतिथी/पदाधिकारी/कर्मचारी) | | प्रति सहभागी | १ | गाँउपालिकाको नर्म अनुसार | |
| ३ | प्रदर्शनमा छनौट भएका उपजलाई पुरस्कार | प्रथम | जना | ९ | ३००० | |
| | | दितिय | जना | ९ | २००० | |
| | | तृतिय | जना | ९ | १००० | |
| | | | | | | |
| ४ | मुल्याङ्कनकर्ता पारिश्रमिक | | | ४ | दैनिक भ्रमण भत्ता | |
| **ख** | **उत्कृष्ठ कृषक तथा कृषि उधमी पुरस्कृत** | | | | | |
| १ | उत्कृष्ठ किसान तथा उद्यमी पुरस्कृत | | जना | ९ | रु.५००० का दरले नगद | |
| ग | बिभिन्न प्रतियगिता(बकृत्वकला/कविता तथा अन्य) | | | | | |
| १ | प्रतियोगितामा | प्रथम पुरस्कार | जना | १ | रु.५००० | |
| | | दितिय पुरस्कार | जना | १ | रु.४००० | |
| | | तृतिय पुरस्कार | जना | १ | रु.३००० | |
| २ | प्रतियोगिता मुल्याङ्कन कर्ता पारिश्रमिक | | जना | ३ | प्रति जना रु.२००० | |
| घ | यातायातखर्च(प्रदर्शनीमा भाग लिने किसान, पदाधिकारी तथा अन्य प्रत्यक्ष कार्यक्रममा संलग्न व्यक्ती ) | | जना | १५० | पालिकाको खर्च नर्म अनुसार | किसान लाई यातायात खर्च नदिई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | आवतजावतका लागि यातायातको साधन व्यवस्थापन गर्न सकिने |
| ङ | बिविध खर्च(पानि, व्यानर, प्रमाणपत्र, दोसल्ला, मायाको चिनो, ईन्धन, कार्यक्रम प्रचार प्रसार तथा अन्य खर्च) | पटक | १ | स्थानिय दररेट अनुसार | |
| च | कार्यक्रम व्यवस्थापनमा खटिने कर्मचारी , सुरक्षाकर्मी तथा सहयोगी पारिश्रमिक | जना | १५ | प्रति दिन रु. १००० | |
| छ | किसान तथा सहभागी चियापान तथा खाजा खर्च | जना | ३०० | पालिकाको खर्च नर्म अनुसार | |
| ज | बाह्य बिज्ञ सहभागी यतायात खर्च | जना | ५ | रु.२०००।- एकमुष्ठ | बढिमा |

उल्लेखित रकममा नियम अनुसार कर लाग्ने छ ।

## ४. अन्तर कृषक समुह हाजिरिजवाफ प्रतियोगिता

कृषक समुहहरु बिच  चिनजान, भावनात्मक एकता साथै अन्तर सम्बन्ध बिस्तार गर्दै सौहाद्रपुर्वक प्रतिस्प्रधात्मक क्षमता बृद्धि गर्दै कृषि प्रसार गर्ने उदेश्यले यो कार्यक्रम ल्याईएको हो ।

(क) कार्यक्रम संचालन प्रकृया

१. यो कार्यक्रममा केराबारी गाँउपालिकामा कृयाशिल कृषक समुह हरुले भाग लिन सक्नेछन ।

२. यो कार्यक्रम संचालन गर्नु अगावै कम्तिमा १५ दिनको अवधी राखि सुचना प्रकासण गरि सहभागीहरु एकिन गर्नु पर्नेछ ।

३. सहभागीहरुलाई कृषि सम्बन्धि सम-सामहिक विषयमा बिषय बिज्ञहरु बाट प्रस्नहरु तयारी गरी कार्यक्रम संचालन गरिनेछ ।

(ख) आर्थिक पक्ष

<table>
<tr><th>सि.नं.</th><th colspan="2">नर्सको विवरण</th><th>इकाई</th><th>परिणाम</th><th>दर</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td colspan="2">खाजा खाना(कर्मचारी तथा अतिथि)</td><td>प्रति सहभागी</td><td>२५</td><td>गाँउपालिकाको खर्च मापदण्डका आधारमा</td><td></td></tr>
<tr><td rowspan="3">२</td><td rowspan="3">पुरस्कार</td><td>प्रथम</td><td>गृप</td><td>१</td><td>७५००</td><td></td></tr>
<tr><td>दितिय</td><td>गृप</td><td>१</td><td>६०००</td><td></td></tr>
<tr><td>तृतिय</td><td>गृप</td><td>१</td><td>४५००</td><td></td></tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सान्तना | गृप | १ | ३००० | |
| ३ | मुल्याङ्कनकर्ता पारिश्रमिक | | | ४ | १५०० | |
| ४ | प्रस्नपत्र निर्माणकर्ता पारिश्रमिक | | | २ | १५०० | |
| ५ | कार्यक्रममा सहभागि किसान तथा पदाधिकारी यातायात खर्च | | | ६० | गाँउपालिकाको खर्च मापदण्डका आधारमा | |
| ६ | बिभिद खर्च(प्रमाणपत्र, ब्यानर ,पानी, मसलन्द तथा चियापान साथै अन्य ) | | पटक | १ | स्थानिय दर भाउ अनुसार | |

## ५. कार्यक्रमको नाम :- स्थलगत कृषक तालिम/गोष्ठी/स्थलगत जनचेतना मुलक कार्यक्रम

गाँउपालिका भित्रका पकेट क्षेत्रहरु तथा अन्य कृषक समूह/सहकारी साथै ईच्छुक किसानहरुलाई छोटो समय अवधिको समय सापेक्ष कृषक स्तरीय तालिम सञ्चालन गर्ने तथा बिभिन्न बिषयमा किसान तथा सरोकारवालाहरु संग गोष्ठी गर्ने जस्ता कार्य गर्नु जरुरी भएको

र कृषकहरुको समस्या थलोमा समाधान गर्ने र समय सापेक्ष नयाँ प्रविधिहरु कृषक समक्ष पुर्याउन यस तालिमको साथै समस्या बुझ्न र समाधान गर्न बिभिन्न प्रकारका गोष्ठीहरु को अंहम् भूमिका रहेकोले यस किसिमको तालिम तथा गोष्ठीहरु पकेटक्षेत्र तथा कृषक समुह/सहकारी साथै नया प्रविधि ग्रहण तथा समस्याहरु भएका क्षेत्रहरुमा गरिने छ ।

(क) कार्यक्रमको उद्देश्यः —

(१)बाली, बागवानी, मौरी, च्याउ, माटो व्यवस्थापन, खाध्यतत्व तथा रोग किरा व्यस्थापन लगायत अन्य महत्त्वपूर्ण प्रविधिको समय सापेक्ष रुपमा प्रसार एवं हस्तान्तरण गर्ने।

(२) सम्बन्धित बालीको पकेटक्षेत्र एवं कृषक समूहहरुलाई आइ परेका समस्याहरुको स्थलगतरुपमै समाधान गर्ने ।

(३) कृषकहरुलाई प्रविधि अनुसरण गर्न उत्प्रेरित गर्ने र जागरुक कृषकलाई प्राविधिक ज्ञान दिलाउने ।

(४)किसानहरुको वास्तविक समस्याहरु पहिचान गर्ने र समस्या समाधानका लागि सम्बन्धीत पक्ष तथा निकाय तथा बिषय बिज्ञ सम्म पुर्याउने ।

(ख) कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः

(१)स्थलगततालिम १ देखि २ दिन सम्म हुन सक्नेछ भने गोष्ठी १ दिनको हुनेछ ।

(२) स्थलगत तालिम पकेट क्षेत्र एवं कृषक समूह/ सहकारी साथै नया प्रविधि ग्रहण तथा समस्याहरु भएका क्षेत्रहरुमा सञ्चालन हुनुपर्नेछ।

(३) स्थलगत तालिममा न्यूनतम १५ जना सहभागी हुनु पर्नेछ ।

(४) पालिकाले तालिम कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित वडाको कृषि हेर्ने निकाय वा वडा कार्यालय संग समन्वयमा सञ्चालन गर्नु पर्नेछ।

(५) स्थलगत तालिमम/गोष्ठीमा सहभागी हुने कृषकहरुले दैनिक भ्रमण भत्ता र होटलबास खर्च

पाउने छैनन्।

(६) स्थलगत तालिममा १ दिनमा ४ वटा कक्षा भन्दा बढि कक्षा सचालन गर्न पाईने छैन गोष्ठीमा १ दिनमा ४ वटा भन्दा बढी सेसन राख्न पाईने छैन ।

## ६. बिद्यालय कृषि प्रवर्दन कार्यक्रम

(क) कार्यक्रमको उद्देश्य :- नेपालमा कृषि क्षेत्रको व्यावसायिकरण गर्न चुनौति भएको छ । यस क्षेत्रमा काम गर्ने मानिसहरुको मनोबृति परिवर्तन गरी आधुनिक तवरले खेती पद्धती गर्न लगाउनु जटिल बन्दै गएको छ ।सिमित श्रोत साधन तथा जनशक्तीका कारण कृषि प्रसारका कार्यक्रमहरु किसान स्तर सम्म पुर्याउन सकिएको छैन । किसान स्तरमा पनि आधुनिक कृषिका बारेमा बुझ्न कठिन भएको

देखिन्छ । त्यसैले बिधालयमा अध्यनरत छात्र छात्राहरुलाई आधुनिक कृषिको अवस्था बारे बुझाई उनिहरु मार्फत अभिभावकहरुको धारणा परिवर्तन गराउने उद्देश्यले यो कार्यक्रम संचालन गर्न लागिएको हो ।

(ख) सहभागीहरु :- यस कार्यक्रममा केरावारी गाँउपालिका भित्र रहेका माध्यामिक तह वा सो भन्दा माथिका कक्षाहरुका बिधार्थीहरु ।

(ग) कार्यक्रम अवधी :- १ दिन

(घ) कार्यक्रममा हुनुपर्ने छलफल तथा कृयाकलाप :- नेपालमा कृषिको बर्तमान अवस्था, कृषिको विकासका चुनौती तथा अवसर, आधुनिक कृषि प्रणालीको प्रयोग बिषयक तथा कृषि प्रति सकारात्मक धारणा वा आत्मा उत्प्रेरणा गर्ने खालका विषयमा साथै केराबारी गाँउपालिकाले कृषि क्षेत्रको विकासका लागि लिएका निति तथा कार्यक्रम साथै गरेका कृयाकलापहरु बारे प्रवचन कक्षा संचालन गर्नुपर्ने,आधुनिक कृषि प्रति सकारात्मक धारणा अभिबृद्धी गर्ने खालका प्रचारात्मक सामाग्रीहरु बिधालयमा राख्ने साथै प्रचारात्मक सामाग्रीहरु बाँड्ने आदी कृयाकलाप गर्नुपर्ने छ ।

(ङ) प्रति कार्यक्रम खर्च मापदण्ड :

| क्र.स | विवरण | दर | कैफियत |
|---|---|---|---|
| ४ | प्रवचन २ वटा कक्षा संचालन पारिश्रमिक | पालिकाको स्विकृत खर्च मापदण्ड अनुसार | |
| ५ | सहभागी खाजा खर्च | पालिकाको स्विकृत खर्च मापदण्ड अनुसार | |

| | | | |
|---|---|---|---|
| ६ | व्यावसायिक कृषि सम्बन्धी जनचेतना मुलक ब्रुसर/पम्प्लेट/ फ्लेक्स निर्माण | स्थानिय दररेट अनुसार | |
| १० | विविध खर्च(ब्यानर ईन्धन, मसलन्द तथा अन्य) | स्थानिय दररेट अनुसार | |

## ७. बिभिन्न दिवस कार्यक्रम

गाँउपालिकाले कृषि क्षेत्रमा राष्ट्रिय महत्व बोकेका बिभिन्न दिवस (विश्व खाध्य दिवस, विश्व माटो दिवस, राष्ट्रिय कृषि जैविक विभिदता दिवस, राष्ट्रिय धान दिवस तथा अन्य दिवसहरु) मनाउने साथै दिवस मार्फत कृषकहरुमा जागरण ल्याउने तथा दिवसका उपलक्षमा बिभिन्न सरोकारवाला पक्ष संग रही सम्बिन्धत बिभिद कार्यक्रम गर्ने उदेश्यले यो कार्यक्रम ल्याईएको हो ।

### ७.१ विश्व खाद्य दिवस कार्यक्रम

सन् १९८१ देखि खाद्य तथा कृषि संगठन स्थापना भएको दिन प्रत्येक वर्षको १६ अक्टोवरमा संसारभरका लगभग १८० भन्दा बढी सदस्य राष्ट्रहरूमा विश्व खाद्य दिवस मनाइन्छ। यसै अनुरूप नेपालमा पनि सन् १९८१ अर्थात वि.सं. २०३८ सालमा प्रथम विश्व खाद्य दिवस मनाइएको थियो। कृषि उत्पादन तथा खाद्य सुरक्षा सम्बन्धी जनस्तरमा चेतना जगाउने र यस क्षेत्रका संघ संस्थाहरूलाई प्रोत्साहित गर्न वार्षिक रूपमा यो दिवस संघ, प्रदेश तथा स्थानीय तहमा मनाउने गरिएको छ ।

#### ७.१.१ कार्यक्रमको उद्देश्य

- भोकमरी र कुपोषणको अन्त्य गर्नका लागि जनचेतना अभिवृद्धि गर्ने।

- कृषि तथा खाद्य उत्पादन वृद्धि गर्ने प्रयासमा अविरल रूपमा लाग्न र खाद्य वस्तु पाउनु प्रत्येक नागरिकको नैसर्गिक हक हो भन्ने जनचेतना प्रत्येक समाजमा पुर्‍याउने ।
- खाद्यान्न, फलफूल, तरकारी, पशुपन्छी, बीउबिजन लगायत विभिन्न बाली उत्पादक उत्कृष्ट कृषक, महिला, व्यापारी, व्यवसायी, कृषि उद्यमी, कृषक समूह एवम् विद्यार्थीहरूलाई सम्मानित गर्दै स्थानीय तहस्तरमा जनचेतनामूलक कार्यक्रम आयोजना गरी पुरस्कार प्रदान गर्ने ।
- खाद्य उत्पादन तथा खाद्य पहुँच बढाउन हौसला प्रदान गर्ने ।
- रैथाने बालीहरूको खाद्य सुरक्षामा भूमिकाका बारेमा प्रचार प्रसार गर्ने।

७.१.२ स्थानियतहले गर्ने कृयाकलाप

- स्थानीय तहस्तरमा विश्व खाद्य दिवस समिति गठन गर्ने र समिति बैठक बसी दिवस मनाउने सन्दर्भमा विभिन्न निर्णय गर्ने गराउने। .
- स्थानीय तहमा पढ्ने विद्यार्थीहरूबीच निबन्ध प्रतियोगिता, वक्तृत्वकला, चित्रकला जस्ता कार्यक्रम गराउनुको साथै कृषक, महिला तथा बुद्धिजीवीहरूबाट प्रवचन जस्ता कार्यक्रम आयोजना गरी जनसाधारणलाई आकृष्ट गर्ने ।
- खाद्य सुरक्षामा योगदान दिने कृषक समूह तथा सहकारीहरूको सहभागितामा चेतनामूलक व्यानर, प्लेकार्ड सहितको झाँकीले नगर परिक्रमा गर्ने जस्ता कार्यक्रम आयोजना गरी खाद्य सुरक्षा सम्बन्धी जनचेतना फैलाउने।

- स्थानीयस्तरमा खाद्य सुरक्षामा टेवा पुर्‍याउने कृषकहरू तथा निकायहरूलाई पुरस्कार र प्रमाण पत्र प्रदान गर्ने ।
- उक्त दिवसको प्रतिवेदनको साथै आफ्नो जिल्ला खाद्यान्नमा आत्मनिर्भर भए नभएको विवरण तथा खाद्य उत्पादन स्थितिको विस्तृत विवरण तयार गर्ने ।
- विश्व खाद्य दिवस कार्यक्रमको विवरण राष्ट्रिय प्रतिवेदनको लागि उपलब्ध गराउने ।

७.१.२ कार्यक्रमको आर्थिक पक्ष

स्थानियतहको स्वीकृत दररेट अनुसार खर्च गर्न सकिनेछ।

## ७.२ राष्ट्रिय कृषि जैविक विविधता दिवस

कृषि जैविक विविधता खाद्य तथा पोषण सुरक्षाको आधार हो । यसले गरिब तथा सीमान्तकृत समुदायको जीविकोपार्जनमा महत्त्वपूर्ण भूमिका खेलेको छ । नेपालको संविधानमा जैविक स्रोतहरूको संरक्षण र दिगो उपयोगलाई उच्च महत्त्व दिई राज्यको नीतिमा उल्लेख गरिएको छ भने जैविक विविधता संरक्षणमा तीनै तहको सरकारको भूमिका रहने उल्लेख छ। यसै गरी नेपाल जैविक विविधता संरक्षण सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धीहरूको पक्ष राष्ट्रसमेत रहेको छ । नेपाल जैविक विविधतामा धनी भए तापनि वासस्थान विनाश, आधुनिक खेती प्रणालीका कतिपय नकारात्मक अभ्यास र अन्य मानव सिर्जित कारणहरूले गर्दा कृषि जैविक विविधता लगायत समग्र जैविक विविधताको ह्रास हुँदै गइरहेको छ। पछिल्लो समय जलवायु परिवर्तनको कारण कृषि जैविक विविधता ह्रास हुने क्रमलाई तिव्र बनाएको छ । नेपालमा रैथाने कृषि जैविक विविधता (कृषि बाली, घाँसे बाली, पशुपन्छी, जलीय जीव, कृषि

कीरा र सूक्ष्मजीवाणु जन्य आनुवंशिक स्रोत) मध्ये करिब ४० प्रतिशत लोप भई सकेको हुन सक्ने अनुमान गरिएको छ । ह्रासोन्मुख अवस्थामा रहेका रैथाने कृषि जैविक विविधताको संरक्षण र दिगो उपयोगमा ध्यान पुर्‍याउन नसकेमा कृषि पर्यावरणीय प्रणालीमा नै नकारात्मक असर पर्न गई समग्र खाद्य एवम् कृषि प्रणाली नै जोखिममा पर्न सक्ने देखिन्छ । यसर्थ कृषि जैविक विविधताको महत्त्व र यसको संरक्षणको आवश्यकताबारे प्रचार प्रसार गर्न र सम्बन्धित सरोकारवालाहरूलाई रैथाने कृषि जैविक विविधताको संरक्षण र दिगो उपयोगमा सक्रिय रूपमा लाग्न उत्प्रेरित गर्न नेपाल सरकार मन्त्रीपरिषद्बाट मिति २०७९/५/२७ मा निर्णय भए बमोजिम प्रत्येक वर्षको माघ १ गतेलाई राष्ट्रिय कृषि जैविक विविधता दिवसको रूपमा मनाइन्छ।

७.२.१ कार्यक्रमको उद्देश्य

- कृषि जैविक विविधताको महत्त्वको बारे आम जनमानसमा चेतना बढाई दिगो संरक्षण तथा उपयोगमा टेवा पुयाउने।
- तीनै तहका सरकारहरूको विकास नीति एवम् कार्यक्रममा कृषि जैविक विविधतालाई मूलप्रवाहीकरण गर्ने ।
- दिगो रूपमा कृषि जैविक विविधता संरक्षण र उपयोगको लागि उपयुक्त विधि एवम् पद्धतिहरूको विकास र अवलम्बन तथा मूल्यशृङ्खला विकास गर्ने ।

७.२.२ कार्यक्रमको प्राविधिक पक्ष

- स्थानीय सञ्चार माध्यमहरूबाट प्रचार प्रसारका कार्यक्रम सञ्चालन गर्ने ।
- स्थानीय कृषि जैविक विविधता मेला आयोजना गर्ने।

- रैथाने बाली एवम् जातका बीउ तथा रैथाने एवम् परम्परागत प्रविधि र सामग्री सङ्कलन तथा प्रदर्शन गर्ने ।
- रैथाने पशुपन्छी (, खैला गाईहरू, लिमे तथा तथा पारकोटे भैंसीहरू; खरी तथा सिन्हाल बाख्राहरू, लामपुच्छ्रे, कागे, बरुवाल तथा म्याङ्लुङ्ग भेडाहरू; च्वाँचे, बामपुड्के तथा हुर्रा सुँगुरहरू; घाँटी खुइले प्वाँख उल्टे तथा साकिनी कुखुराहरू संरक्षण तथा प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- स्थानीय तहबाट गाई, भैंसी, भेडा, बाख्रा, बंगुर, कुखुराका रैथाने जातहरू सबै संरक्षण तथा प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन ।
- लोपोन्मुख घाँसे बालीहरूको संरक्षण तथा प्रवर्द्धन गर्ने ।
- सहर, असला, कत्ले, रेवा इत्यादी जस्ता लोपोन्मुख मत्स्य प्रजातिहरूको संरक्षण तथा प्रवर्द्धन गर्ने ।
- प्राकृतिक जलाशयहरूमा उपलब्ध स्थानीय माछा लगायत विभिन्न जलीय जीवहरूको संग्रहालयमा संरक्षण गर्ने ।
- कृषि जैविक विविधता संरक्षण कार्यमा संलग्न व्यक्ति/संस्था/समूह/ समितिलाई सम्मान / पुरस्कारको व्यवस्था गर्ने।

७.२.३ कार्यक्रमको आर्थिक पक्ष

- व्यक्तिगत तथा संस्थागत रूपमा पुरस्कार दिन सकिने ।
- पुरस्कृत हुने व्यक्ति वा संस्थाको एक प्रतिनिधिलाई पुरस्कार/सम्मान बुझ्न आउँदा नियमानुसार दैनिक भ्रमण खर्च दिन सकिने ।

- प्रदर्शनका कार्यक्रममा स्थानीय दररेटका आधारमा लागत अनुमान गरी सञ्चालन गर्ने ।
- सभा/गोष्ठी तथा अन्य कार्यक्रमको लागि स्वीकृत सरकारी दररेट अनुसार खर्च गर्न सकिनेछ।

## ७.३ विश्व माटो दिवस

स्वस्थ माटोको महत्त्वबारे जनचेतना जगाउन र माटोको उर्वराशक्तिको दिगो व्यवस्थापनका लागि पैरवी गर्ने उद्देश्यले हरेक वर्ष डिसेम्बर ५ तारिखका दिन विश्व माटो दिवस मनाइन्छ। कृषिका गतिविधि, खाद्य सुरक्षा, पोषण सुरक्षा र जलवायु संरक्षणको केन्द्रमा माटो रहेको छ। विश्व माटो दिवस कार्यक्रमले मानिसहरूलाई माटोको महत्त्वको जानकारी गराउँदै माटोको उचित व्यवस्थापन एवम् संरक्षण गर्दै उर्वरा शक्ति वृद्धि गर्न जनचेतना बढाउन मद्दत गर्दछ । माटो जीवनको मूल आधार हो । माटोको संरक्षण, सम्बर्द्धन र व्यवस्थापन विना खाद्य तथा पोषण सुरक्षा, दिगो कृषि विकास, जैविक विविधता संरक्षण, प्राङ्गारीक कृषि लगायतका विषय सम्बन्धी बहसले सार्थकता पाउँदैनन् । हाल माटोको भौतिक, रासायनिक तथा जैविक गुण बिग्रन गई उर्वराशक्तिमा ह्रास आउने क्रम दिन प्रतिदिन बढ्दो छ । त्यसैले यो समस्यालाई विश्वको साझा समस्याको रूपमा लिन थालिएको छ र विश्वस्तरमै एकताबद्ध भएर सम्बोधन गर्न व्यापक रूपमा जनचेतना अभिवृद्धि गर्ने मूल ध्येयका साथ संसार भरी विश्व माटो दिवस डिसेम्बर ५ का दिन मनाउने गरिएको छ ।

### ७.३.१ कार्यक्रमको उद्देश्य

- राष्ट्रव्यापी रूपमा माटोको स्वास्थ तथा यसको सुरक्षाको बारे प्रचार प्रसार गर्नु।
- माटोसँग सम्बन्धित समस्या र सम्भावनाहरूको बारेमा छलफल र विचार आदान प्रदान गरी भावी कार्यदिशाबारे समान धारणा विकासमा टेवा पु-याउनु ।

७.३.२ कार्यक्रमको प्राविधिक पक्ष

हरेक वर्षको विश्व माटो दिवस राष्ट्रियस्तरमा मनाउन कृषि विभाग तथा अन्य सरोकारवालाहरूको समन्वयमा निम्नानुसारको कार्यक्रमहरू सञ्चालन गर्ने ।

- विश्व माटो दिवसको अवसरमा माटो सम्बन्धी विविध विषय समेटिने गरी कुनै पनि विधामा विद्यालयस्तरीय प्रतियोगिता सञ्चालन गर्न सकिने छ, प्रतियोगिताबाट छनौट भएका तीन उत्कृष्ट प्रतियोगीहरूलाई पुरस्कार तथा प्रमाणपत्रबाट सम्मानित गर्न सकिनेछ ।
- सरोकारवालाहरूबीच समन्वय गरी विभिन्न स्थानहरूमा माटो परीक्षण शिविर सञ्चालन गर्न सकिनेछ।
- आम जनमानसमा जनचेतना जगाउन प्रभात फेरी कार्यक्रमको आयोजना गर्न सकिनेछ ।
- सरोकारवाला निकाय र किसान तथा प्रतिनिधिको उपस्थितमा माटो व्यवस्थापन सम्बन्धी अन्तर्कृया गोष्ठी संचालन गर्न सकिनेछ । र यसमा कृषि मन्त्रालय, कृषि विभाग र मातहतका

निकायहरू, नार्क एफएओ र अन्य सरोकारवाला निकायहरूबाट समेत उल्लेखनीय रूपमा सहभागी गराउने ।

- माटो परिक्षण गरी माटोको गुणस्तर कायम राख्ने कृषकहरूलाई पुरस्कृत गर्न सकिनेछ ।

२.४.४ कार्यक्रमको आर्थिक पक्ष

## परिच्छेद-९
## बालि बिकास कार्यक्रम

केराबारी गाँउपालिकामा खाध्य सुरक्षाका दृष्टीकोण बाट अत्यन्तै कमजोर देखिन्छ । खाध्यान्न बालिमा बिशेषत यस पालिकामा मकै धान खेती हुने गरेको छ त्यस्तै दलहन तथा दलहन बालीको खेती गरिन्छ। परम्परागत तरिका बाट खेती गरिने यि बालीहरुको प्रवर्द्धन गरी व्यावसायिक उत्पादन मार्फत गाँउपालिकामा खाध्य सुरक्षा पुर्याउदै निर्यातयोग्य बालिका रुपमा रुपान्तरण गर्ने उद्देश्यले यो कार्यक्रम संचालनमा ल्याईएको हो ।यस कार्यक्रम मार्फत बिभिन्न किसिमका खाध्यान्न बालीको खेती प्रवर्द्धन गर्ने खालका बाली नालीहरुको बिउ अनुदानमा वितरण गरिने छ साथै

बिभिन्न खाध्यान्न संग सम्बन्धित बाली नालीको उत्पादन प्रदर्शत साथै नतिजा प्रदर्शन गरिनेछ ।

**(१) कार्यक्रमको नाम :- बिभिन्न खाध्यन्न बाली, दलहन तथा तेलहन बालिको बिउ वितरण**

(क) यो कार्यक्रम अन्तर्गत बिभिन्न किसिमका खाध्यान्न बालिहरु धान, मकै, गहु साथै स्थानिय स्तरमा रैथाने रहेका तथा पौष्टीक महत्व बोकेका बालीहरुका बिउहरु, दलहन तथा तेलहन बालिका बिउहरुवितरण गरिने छ ।

(ख) यस कार्यक्रममा उन्नत तथा हाईब्रिड जातका बिउहरु ५०% अनुदानमा उपलब्ध गराईने छ ।

(ग) नयाँ जातको प्रचार,प्रविधि प्रचार प्रसार, रणनैतिक महत्वका बाली बिस्तार, विशेष तथा उन्नत प्रविधि प्रसारका लागी तथा स्थानिय रैथाने जातका बिउ साथै बिपत तथा रोग किराको महामारी भएको अवस्थामा भने कार्यक्रममा उल्लेख भए बमोजिम कृषि तथा सहकारी शाखा साथै शाखा संग समन्वय गरी वडा कार्यालयले निशुल्क बिउ वितरण गर्न सकिने छ ।

(घ) किसानको लागत साझेदारी हुने तथा कार्यालयको रकम अनुदान रहने बिभिन्न प्रजाती तथा जातका बिउ उपलब्ध गराउदा किसानहरुको माग सुचना प्रकासित गरी सङ्कलन गरिने छ ।

(ङ) यो कार्यक्रममा किसानहरुले सहकारीहरु, कृषक समुह, ब्यात्तिगत फर्म साथै तोकिएको कागजात भरी प्रत्यक्ष किसानले पनी भाग लिन सक्नेछन ।

(च) किसानहरुको माग सङ्कलन गरी सार्वजनीक खरिद ऐन तथा नियमावली बमोजिम कार्यक्रम अनुसार आवाश्यक सामान खरिद गरी किसानहरुलाई हस्तान्तरण गर्नु पर्नेछ ।

(छ) बिपत तथा रोग किराको प्रकोप साथै महामारी फैलिएको अवस्थामा कार्यालयले सम्बन्धीत प्रकोप फैलिएको क्षेत्रहरुमा कार्यपालिका बाट निर्णय गरी वडा कार्यालयहरु संग समन्व गरी निशुल्क बिउ बिजन तथा महामारी नियन्त्रण गर्न सघाउ पुग्ने सामग्रीहरु वितरण गर्न सक्नेछ ।

## परिच्छेद-१०

## बालि संरक्षण विपद व्यवस्थापन तथा माटो सुधार कार्यक्रम

केरावारी गाँउपालिकामा ब्यावसायिक कृषिको थालनी भएता पनी बिगत देखिनै बालि बिरुवामा रोग तथा किराको उच्च प्रकोपको कारण बर्षेनी किसानहरुले ठुलो क्षेती पुगिरहेकाले यस्ता बालिबिरुवामा हानी पुर्याउने रोग किराको प्रभावकारी नियन्त्रण तथा यस क्षेत्रको माटो सुधारका लागि  यो कार्यक्रम संचालन गरिने छ ।

**(१) कार्यक्रमको नाम :- बिषादी खरिद बितरण तथा अन्य बाली संरक्षण सम्बन्धी कार्य**

(क) यो कार्यक्रमबाट  गाँउपालिकाको कृषि तथा सहकारी शाखाले आफ्नो क्षेत्र भित्र बालि बिरुवामा देखिएका रोग/ किरा/खाध्यतत्वको कमी नियन्त्रण गर्न बालि संरक्षणमा प्रयोग हुने जैविक, प्राङ्गारिक, रसायनिक बिषादी, हर्मोन, मुख्य/सहायक /शुष्म खाध्यतत्व तथा मल साथै रोगकिरा नियन्त्रण संग सम्बन्धित प्रविधिहरु प्रचलित कानुन बमोजिम खरिद गरी कृषि तथा सहकारी शाखा/कृषि सेवा केन्द्र साथै कृषि

प्राविधिकहरुको निगरानीमा वडा कार्यालय मार्फत समेत निशुल्क नियमित वितरण गर्न सक्नेछ ।

(ख) रोग किराको प्रकोपको अवस्थामा वडा कार्यालयले पनी कार्यक्रम राखी निशुल्क प्रभावित क्षेत्रमा कृषि तथा सहकारी शाखा संग समन्वय गरी बिषादीहरु वितरण गर्न सक्नेछन ।

## (२) कार्यक्रमको नाम :- एकिकृत कृषि सिविर

कृषकको बालीमा रोग, कीरा तथा अन्य समस्याहरुको सहि पहिचान गरी समयमै उपयुक्त व्यवस्थापनका उपायहरु दिलाउने साथै जथाभावि रसायनिक विषादीको प्रयोगलाई कम गरी वातावरण संरक्षणमा सहयोग पुर्याउने माटो परिक्षण गरी कृषकको खेतबारीको माटो सुधार गर्नुका साथै कृषकहरुको पायक पर्ने ठाउँ वा घरदैलोमा नै बाली उपचार तथा माटोजाँच विशेषज्ञहरु )Plant Doctors) गएर बाली बिरुवाको रोग कीरा तथा अन्य समस्याहरुको पहिचान तथा निदान गर्नेतथा माटोको स्वस्थता कायम गर्ने उदेश्यले यो कार्यक्रम लयाईएको हो ।

(क)कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/

(१) गाँउपालिकाका को कृषि क्षेत्र भनेर तोकिएको अन्न, फलफूल, तरकारी र अन्य बालीहरुको पकेट क्षेत्रलाई समेट्ने गरी समस्यादेखिएका क्षेत्र तथा रसायनिक विषादीको अत्याधिक प्रयोग भइरहेको क्षेत्रलाई सम्बोधन गर्ने गरी धेरै भन्दा धेरै कृषकलाई सहभागी बनाउन पायक पर्ने ठाउँमा एकिकृत कृषि शिविरसञ्चालन गर्नुपर्दछ।

(२) एकिकृत कृषि शिविर सञ्चालन हुने मिति, स्थान र समयको बारेमा कृषकलाई उपयुक्तमाध्यमबाट समय मै जानकारी दिनु पर्नेछ ।

(३) कृषकले ल्याएको बालीको नमुना/माटोको नमुना र कृषकसँग लिइएको जानकारीका आधारमा समस्या पहिचानगरी समाधानका उपायहरु कृषकले बुझ्ने गरी लिखित रुपमा कृषकलाई उपलब्ध गराउनु पर्नेछ। उक्त दिन बाली नमुनाको समस्या पहिचान हुन

नसकेमा यथासक्य छिटो उपयुक्त निकायमा नमुना पठाई समस्याको पहिचान गराई सम्बन्धित कृषकलाई उचित व्यवस्थापनकाउपायहरु सहित यथासक्य छिटो जानकारी गराउने व्यवस्था गर्नु पर्नेछ। साथै माटो परिक्षण लगाएतका कामहरु गरी किसानहरु लाई रिपोर्ट दिनुपर्ने छ ।

(४) एकिकृत कृषि शिविर एक स्थानमा १-२ दिनको हुनेछ।

(५) एकिकृत कृषि शिविरमा सहभागी हुने कृषकहरुले दैनिक भ्रमण भत्ता, होटल बास खर्च र खाजाखर्च पाउने छैनन् साथै यस कार्यक्रममा कृषकबाट शुल्क लिने व्यवस्था हुने छैन। शिविरमा संभव भए सम्म विशेषज्ञ को प्रत्यक्ष संलग्नता गराउनु पर्नेछ।

(६) सम्बन्धित पालिकामा बाली विशेषज्ञ तथा सम्बन्धीत क्षेत्रका प्राविधिक नभएमा कृषि ज्ञान केन्द्र,बाली संरक्षण प्रयोगशाला, अनुसन्धान केन्द्र, अध्ययन संस्थान वा

प्राविधिक शिक्षालयबाट तालिम प्राप्त विशेषज्ञ को सहयोग लिन सकिने छ ।

(७) जिल्लामा अन्य संघ निकायबाट/संस्था/ यस प्रकारको शिविर सञ्चालन गर्नु पर्नेभएमा केरावारीगाँउपालिकाको समन्वयमा सञ्चालन गर्नु पर्नेछ ।

(ख) कार्यक्रमको आर्थिक पक्ष

| सि.नं. | विवरण | ईकाइ | परिणाम | दर | जम्मा रु. |
|---|---|---|---|---|---|
| १. | प्रचार प्रसार तथा (ब्यानर/लिफलेट/पम्प्लेट/ माईकिङ, सुझाव पर्चा) | पटक | १ | ५००० | ५००० |
| २ | सिविर संचालन सामाग्री खरिद(एप्रोन, क्याप, लेन्स, कैची, भाईल, पेपर, केमिकल रिएजेन्ट तथा अन्य सामग्री खरिद ईत्यादी) | पटक | १ | १८००० | १८००० |
| ३ | स्टेसनरी(क्लिनिकल रजिष्टार, डड्पेन तथा अन्य) | पटक | १ | १००० | १००० |
| ४ | सिविर व्यावस्थापन(चिया, | पटक | १ | २०००० | २०००० बढिमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | खाजा,खाना, पानी,ढुवानी तथा अन्य) | | | | |
| ५ | प्रतिवेदन | पटक | १ | १००० | १००० |
| ६ | बाली संरक्षण सम्बन्धीसामाग्री(प्राङ्गारिक तथा जैविक विषादी तथा फेरोमिएन ट्रायाप तथा अन्य माटो सुधारका सामग्रीहरु खरिद तथा किसानहरुलाई निशुल्क वितरण) | पटक | १ | १५०००० | १५०००० बढिमा |
| ७ | सिविरमा जाने कर्मचारी साथै बिशेषज्ञ लाई दैनीक भ्रमण खर्च तथा यातायात खर्च | | बढिमा ७ जना | नियम अनुसार | |

**(३) माटो सुधारका लागि आवाश्यक सामग्री वितरण**

यो कार्यक्रम माटो परिक्षण गरे पस्चात माटो सुधार गर्ने उदेश्यले ल्याईएको हो ।

(१) प्रयोगशाला तथा कुनै क्याम्पीयन चलाई वा किसान समुह तथा सहकारीमा माटो परिक्षण गरे पस्चात प्राप्त रिपोर्टका आधारमा तथा प्रविधिक निरिक्षणको आधारमा आवाश्यक माटो सुधार सम्बन्धी बिभिन्न खाध्य तत्व, मिनिरल, चुन लगाएत अन्य केमिकलहरु तथा माटो

भौतीक तथा रासायनिक गुण परिवर्तन गर्ने बिभिन्न बस्तु किसानलाई निशुल्क प्रचलित सार्वजनिक खरिद ऐन बमोजिम खरिद गरी वितरण गर्न सकिने छ ।

३४. **खारेजी र वचाउः** केराबारी गाउँपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यबिधि २०८० लाई खारेज गरिएको छ । उक्त निर्देशिका वमोजिम भएका कामकारवाही यसै निर्देशिका वमोजिम भएको मानिनेछ ।

# अनुसुची- १

## कार्यक्रममा भाग लिन दिनुपर्ने  निवेदन ढाचा

**मितिः .................**

श्रीमान कार्यालय प्रमुख ज्यू
केराबारी गाँउपालिका मार्फत
कृषि तथा सहकारी शाखा केरावारी मोरङ

विषयः-प्रस्ताव पेश

गरिएको बारे ।
महोदय,

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति................................ गते प्रकाशित सूचना बमोजिम ...................................... कार्यक्रममा सहभागी हुने योग्यता पुगेकोले कार्यक्रम को मापदण्ड भित्र रही कार्यालयले उल्लेख गरे को शर्तहरुको अधिनमा रही कार्यक्रम संचालन गर्न निम्न बमोजिमको कागजातहरु यसै पत्रसाथ संलग्न गरी यो प्रस्ताव पेश गगरका छौ / छु । मैले/हामीले अनुदान सहयोग प्राप्तगरे मा निर्धारित प्रकृया अनुसार सम्बन्धित नगर भित्रै रही कार्य गर्नेछु । पूनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

स्वघोषणः यसै प्रकृतिका कार्यका लागि मैले/हामी ले यस कार्यालय बाहेक अन्य संघ संस्थाबाट अनुदान लिएको छैन भनी स्वघोषण गर्दछु/गर्दछौ । झुठा ठहरेमा प्रचलित ऐन कानून बमोजिम सहनेछु /छौ ।

निवेदकको नाम :

दस्तखतः

मितिः-

सम्पर्कनं.

आवाश्यक कागजातहरु

१. अनुसूची १ अनुसारको आवेदन फाराम,

२. अनुसूची २ को किसानको विवरण र अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना,

३. किसान परिचयपत्र जारी भए पस्चात किसान परिचयपत्रको फोटोकपी नहुन्जेल नागरीकताको प्रतिलिपी, जग्गा धनि पुर्जा/ व्यावसायिक करारनामाको प्रतिलिपी (लालपुर्जा नभएको जग्गामा वडा कार्यालयको भोगचलनको सिफारिस ।

४. समुह/सहकारी/फर्म/कम्पनी/समिति दर्ताको फोटोकपी । /स्थायी लेखा नम्बरवा मुल्य अभिबृद्धी कर प्रमाणपत्रको प्रतिलिपि,

५. सहकारी गत आर्थिक बर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि वा लेखापरिक्षणको प्रतिलिपि

६. अन्य प्रमाणित प्रमाणपत्रहरु भए (तालिम, शैक्षिक योग्यता आदी) कोप्रतिलिपिहरु।

७. वडा कार्यालयको सिफारिस पत्र (सिफारिस पत्रमा भुमि बर्गकरण अनुसार कृषि र गैह्र कृषि क्षेत्र खुलाएको हुनुपर्ने)

८. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा

# अनुसूची - २
## किसानको संक्षिप्त विवरण

(१) निवेदकको नाम :- (१.१) ठेगाना :-

(१.३) मोवाईल नं :-

(२) आफुसंग भएको जमीनको क्षेत्रफल :- (२.१) खेती गरिएको जमीन :-

(२.२) नगरिएको जमीनः-

(३) खेती गरिएका मुख्य बाली र क्षेत्रफल :-

(३.१) खाध्यान्न बाली- (क) धान :- (ख) मकै :- (ग) गहु :-

(घ) कोदो :- (ङ) अन्य :- (३.२) खेती लगाएको फलफुल बाली र क्षेत्रफल (क) (ख) (ग)

(३.३) खेती लगाएको तरकारी बाली र क्षेत्रफल (क)

(ख) (ग)

(३.४) खेती लगाएको नगदेबाली (चिया, कफि, अदुवा, अलैची) (क)

(ख) (ग)

(३.५) मौरी/च्याउ/ अन्य (क) मौरी :-...... घार (ख) च्याउ :- ...... बल्ब (ग) अन्य :-

(३.५) अन्य कुनै कृषि कार्य गरेको भए खुलाउने :-

(४) पशुपालन सङ्ख्या (क) गाई:- (ख) भैसी:- (ग) बाख्रा :-
(घ) कुखुरा :- (ङ) अन्य :-

(५) परिवार संख्या (क) महिला:- (ख) पुरुष :- कृषि कार्य गर्ने सङ्ख्या :-
...... महिला, ...... पुरुष

(६) सिचाईको सुविधा छ/छैन :-

(७) कृषि कार्यको खर्च आम्दानीको तथ्याङ्क राख्ने गरेको छ/छैन :-

(८) उत्पादीत कृषि उपजहरु आफै मात्र उपयोग गर्नु हुन् की बेच्नू पनि हुन्छ :-

(९) घरमा बैदेशिक रोजगारीमा गएको भए सो को सङ्ख्या :-

(१०) घरमा आम्दानीको मूख्य श्रोत :-

(११) कृषि कार्य ( ) मानविय साथै पशु श्रम बाट मात्र ( ) आधुनिक उपकरणको प्रयोग बाट ( ) दुवै

(१२) कृषि विकासको अवलम्बन गरेका नविनतम प्रविधि

# अनुसूची - ३
# अनुदान कार्यक्रमको अवधारणाको संक्षिप्त व्यावसायिक कार्य योजनाको ढाँचा

कार्यक्रमकोनाम :- ..........................................................................................

कृषिफर्म/कम्पनी/समूह/सहकारी/ संस्थाको नाम :- ...............................................................

व्यवसायकसंचालक/अध्यक्ष/प्रतिनिधिको नाम, थरः ...............................................................

सदस्य संख्याः महिला................पुरुष..................जम्मा...........................

ठेगाना :- स्थानीय तहः ..................................गाउँ/टोल :- ............................ वडा नं. :- .......

क) संचालन गर्न खोजेको खेती व्यवसायको नाम र स्थान :-

ख) व्यवसायको कार्य उदेश्यहरु :-

१. २. ३.

ग) व्यावसाय संचालन गर्न कूल लगानी :-

च) खेती /व्यवसायवाट उत्पादन हुने वस्तुहरुः-

छ) उत्पादित कृषि बस्तुको परिमाण :-

ज) बजार योग्य परिमाण :-

(झ) खेती/व्यवसाय गर्ने जग्गाको क्षेत्रफल...............कठ्ठा लाभान्वित घरधुरी संख्या.................

(ञ) प्रत्यक्ष रोजगारी संख्या...........

कृषि तथा सहकारी शाखामा माग गरेका कार्यक्रमको विवरण

| क्र.स. | विवरण(कार्यक्रम मार्फत के सामन मागिएको हो सोको विवरण अनिवार्य भर्नु पर्ने छ ) | मागपरिणाम | प्रति परिणाम अनुमानित लागतरकम | जम्मा अनुमानित लागत रकम | केरावारी गाँउपालिकाले ब्यहोर्ने लागत साझेदारी रकम | उपभोक्ताले ब्यहोर्ने लागत साझेदारी रकम |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**कार्ययोजना पेश गर्नेको**

**नाम :-** **संस्थाको छाप :-**

**पद :-**

**दस्तखत :-**

**सम्र्पक नं. :**

## अनुसूची - ४
## अनुदान कार्यक्रम संचालनको लागि गरिने सम्झौता -पत्र

केराबारी गाँउपालिकाको, गाँउ कार्यपालिकाको कार्यालय, कृषि तथा सहकारी शाखा मार्फत संचालन गरिने चालु आर्थिक बर्ष..........को स्वीकृत बार्षिक कार्यक्रम कृषि विकास कार्यक्रम अन्तगत ...............................................कार्यक्रमसंचालनगर्नकेरावारी गाँउपालिका,गाँउकार्यापालिकाकोकार्यालय (यस पछी पहिलो पक्ष भनिने) र विशिष्टताको आधारमा छनौट भएका कृषक⁄ उधमी ⁄कृषिफर्म ⁄कम्पनी ⁄कृषकसमूह⁄ कृषि सहकारी ⁄बहुउद्देश्य सहकारी संस्था श्री ........................................................................ (यसपछी दोश्रो पक्ष भनिने) विच तपशिलका शर्तनामाहरु को अधिनमा रहि कार्यक्रम सम्पन्न गर्न सम्झौता⁄ सहमतिभएकोछ।

**शर्तनामाहरु**

(१) यो सम्झौता पत्र पहिलो पक्ष र दोस्रो पक्ष बीच.......................................... कार्यक्रम कार्यान्वयनको लागि मात्र प्रयोग हुनेछ। यो सम्झौता, सम्झौता भएको मिति देखि प्रारम्भ भएको मानिनेछ। सम्झौता मितिले ७ दिन भित्र कार्य शुरु गर्नुपर्नेछ।

(२) दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गरेको स्वीृकत प्रस्ताव पत्र बमोजिमको डिजाइन र इस्टिमेट अनुसार यस कार्यक्रमका लागि सम्झौता भएको

(क) कुल रकम रु ....................... (अक्षरुपी रु. ............................................................. मात्र।)

(ख) कार्यालयले उपलब्ध गराउने अनुदान रकम (५०% वाबढीमा रु...........................) अक्षरुपी रु.................मात्र।

(ग) दोस्रो पक्षले प्राविधिकको सरसल्लाह र स्वीकृत प्रस्ताव बमोजिमको इस्टिमेट अनुसार कार्यसञ्चालन गर्नुपर्नेछ। साथै कार्य सम्पन्न भए पछि मात्र प्रचलित आर्थिक ऐन नियमानुसार कर कट्टी गरी रकम भुक्तानी हुनेछ ।

(३) भुक्तानीका लागि दोस्रो पक्षले वडाको सिफारिस पत्र, कार्य सम्पन्न प्रतिवेदन, योजना अघि, योजना निर्माण गरिरहदा र योजना सम्पन्न पश्चात्को रंगिन तस्विर, जनश्रम को डोर हाजिरी, सामग्री खरिदको बील तथा भरपाई, दाखिला प्रतिवेदन र समुह/सहकारीको बैठकको निर्णयको प्रतिलिपि सहित भुक्तानीको लागि कार्यालयमा निवेदन गर्नुपर्नेछ। रकम भुक्तानी सम्बन्धित दोस्रो पक्षको बैकको खातामा भुक्तानी दिइनेछ ।

(४) दोस्रो पक्षले यसै कार्यक्रमको लागि आफ्नै श्रोत वाहेक कुनै सरकारी, गैह्र सरकारी संघ संस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रुपमा पहिलो पक्षलाई जानकारी गराउनु पर्नेछ। दोस्रो पक्षले यस कार्यक्रम वा यसै प्रकृतिबमोजिमको कार्यका लागि दोहोरो अनुदान प्राप्त गरि ठगीगरिएको पाएमा सोको जिम्मेवारी दोस्रो पक्षको हुनेछ। साथै दोस्रो पक्षले पहिलो पक्षबाट उपलब्ध गराएको सेवा सुविधाको दुरुपयोग गरी जनगुनासो आएमा सोको सम्पुर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

(५) कार्यक्रमको फरफराक कार्य सम्झौता वमोजिमको सम्पूर्ण कार्य (डिजाइन र इष्टिमेट अनुसार) यही आ.व. २०.....को२०.......साल........महिनाको ...गते भित्र सम्पन्न गरी सक्नुपर्नेछ ।

(६) दोस्रो पक्षले कार्यक्रम संचालन स्थलमा सबैले देख्ने गरी अनिवार्यरुप ले कार्यक्रम को नाम, अनुदानग्राहीको नाम, ठेगाना, सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित होडिङ्ग बोर्ड सबैले देख्नेगरी राख्नुपर्नेछ।

(७) कार्यक्रम संचालन को दौरान दोस्रो पक्षको लापरवाहीको कारणवाट कुनै प्रकारको मानविय, भौतिक तथा आर्थिकहानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ । साथै कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको संचालन, मर्मतसम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

(८) पहिलो पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन/निरीक्षण गरी सम्झौता मुताबिक कार्य भए/नभएको हेर्न र आवश्यक सरसल्लाह सुझाव दिन सक्नेछ।

(९) सम्झौता बमोजिमको कार्य नभई रकम दुरुपयोग हुनसक्ने देखिएमा पहिलो पक्षले एकपटकका लागि सचेत गराउने र त्यसो गर्दा पनिसुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भङ्ग गर्न र हिनामिना भएबराबरको रकम दोस्रो पक्षबाट सरकारी बाँकी सरहअसुल उपरको प्रक्रिया अगाडी बढाउन सक्नेछ ।

(१०) दोस्रो पक्षले सामग्री खरिद तथा निर्माण कार्यको सार्वजनिक जानकारी Public auditing गराउनुपर्नेछ।

(११) कार्यक्रम सम्पन्न भई हस्तान्तरण भैसकेपछि सोको मर्मत सम्भार सम्बन्धी कार्य सम्बन्धित दोस्रो पक्षको हुनेछ ।

(१२) यस कार्यक्रम सम्बन्धी कुनै विवाद आएमा कार्यालयको निर्णयनै अन्तिम निर्णय हुनेछ।

(१३) यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस वमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

दोस्रो पक्षको तर्फ बाट
नामः
पदः
सम्पकनं :-
संस्थाको/फर्मको छाप

कृषि तथा सहकारी शाखाको तर्फबाट
नामः-
पद :-
सही

आज्ञाले
सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत